

**फोहोरमा देखिने "ब्राण्ड"स् सफाइ कि जवाफदेहिता**

✍ पवित्रा लामिछाने (२)

**सिटी डेन्टल**

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ।

**यसको शाखा मधुमल्लामा पनि खुलेको छ।**

दमक-६, झापा
**फाल्गुनन्द चौक**
फोन: ०२३-५७५४०९

जि.प्र.का.झापा द.नं.६१। ०५७/०५८

सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता

दैनिक

# पूर्वसन्देश

PURBA SANDESH DAILY

purbasandesh.com

**आमा डेन्टल केयर प्रा. लि.**

दमक-६, थानारोड (प्रधान कार्यालय)
सम्पर्क नम्बर : 023-572643/9814912500
दमक–१, रबि स्टेन्ड गेट नजिक (शाखा कार्यालय)
सम्पर्क नम्बर: 023-577816





हाम्रा उपलब्ध डाक्टरहरु

| | |
|---|---|
| १. डा. प्रनेस श्रेष्ठ | (MDS- Orthodontist) |
| २. डा. सुस्मिता नेपाल | (BDS- Dental Surgeon) |
| ३. डा. मीरा आचार्य | (BDS- Dental Surgeon) |
| ४ डा. साहिद अलि | (MDS- Maxillofacial Surgeon) |

नोट : हप्ताको सातै दिन दन्त उपचार सेवा उपलव्ध छ।

❑ वर्ष-२१ ❑ अंक - १०१ ❑ २०८२ चैत्र २५ गते बुधबार ❑ Wednesday, 08 April 2026 ❑ मूल्य ७ /-

# सरकारको निर्णयले प्रभावित हुँदै शैक्षिक क्यालेण्डर

✍ गोपाल झापाली

**दमक/** सरकारले गरेका पछिल्ला दुई निर्णयले शिक्षा क्षेत्र प्रभावित हुने देखिएको छ । सातामा दुई दिन विदा दिने र शैक्षिक शत्र वैशाख १५ देखि मात्र शुरू गर्ने निर्णयले पाठ्यभार पूरा गर्न दवाव पर्ने देखिएको छ । विद्यालय तथा शिक्षकहरूले चालु शैक्षिक शत्र अनुसारनै पाठ्यक्रम र पाठ्य योजना बनाएकाले त्यसलाई परिमार्जन गर्नु पर्ने देखिएको शिक्षकहरूले बताएका छन् ।

विश्व बजारमा बढेको ईन्धन संकटले नेपाली बजारमा समेत पारेको समस्यासँग जुध्न सरकारले केहि दिन अघि यो निर्णय गरेको थियो । तर यो नियम नियमित लागु गर्ने कि अल्पकालका लागि हो भन्नेमा अझै अन्योल छ । यदि नियमित रूपमा सातामा दुई दिन विदा हुने हो भने पाठ्यक्रम परिमार्जन देखि अन्यविदा कटौती, अतिरिक्त क्रियाकलाप घटाउने जस्ता कार्यहरू गर्नु पर्ने देखिएको शिक्षकहरूले बताएका छन् । दमक स्थित हिमालय माविका प्रधानाध्यापक द्रोर्णबहादुर श्रेष्ठ शैक्षिक शत्र वैशाख १५ देखि शुरू र सातामा दुई दिन विदा लागु गर्दा पाठ्यभार पूरा गर्न कठिन हुने जनाएका छन् । उनले भने, 'यता शैक्षिक शत्र पनि ढिला शुरू हुने भयो, सातामा दुई दिन नियमित विदा पनि हुने भयो भने त कोर्ष परिमार्जन गर्नु पर्ने देखिन्छ । एक दिन विदा हुँदा त कतिपय कोर्ष पूरा गर्न कठिन हुन्छ अब दुई दिन विदा हुँदा त कसरी पूरा गर्ने ?' कुनै पनि अतिरिक्त क्रियाकलाप नगर्ने र अन्य विदामा पनि विद्यालय लगाएर आईतरबारको विदा उपयोग गर्ने हो भने विद्यार्थीहरूमा पनि चाप बढ्ने उनको भनाई छ ।

उनको जस्तै धारणा छ, दमक स्थित सिंहदेवी माविका प्रधानाध्यापक सोमनाथ बरालको । नियमित हुने गरेका सार्वजनिक विदा, पर्व विदा, हिउँदे-वर्षे विदा, अतिरिक्त क्रियाकलाप सवै कटाउँदा पनि पाठ्यक्रम पूरा गर्न कठिन हुने उनको भनाई छ । यसले शिक्षकलाई मात्र नभई विद्यार्थीलाई भार थपिने उनले बताएका छन् । उनले भने, 'अतिरिक्त क्रियाकलाप पनि आवश्यकनै हो गर्नै पर्‍यो, अन्य नियमित विदा पनि हुन्छन्, प्रत्येक साता १ दिन थप विदा भए पछि त गाह्रो पो देखिन्छ त ।'

यस्तै प्याक्सन बाँकी ४ पेजमा ▸▸

## त्रिविले दियो निर्देशन

त्रिभुवन विश्वविद्यालयले सेमेस्टर प्रणाली र वार्षिक परीक्षालाई असर नपर्ने गरी पठनपाठनको तालिका बनाउन आंगिक क्याम्पस र कलेजलाई निर्देशन दिएको छ। सरकारले शनिबार र आइतबार सार्वजनिक बिदा दिने निर्णय गरेपछि त्रिविले आंगिक क्याम्पस र विभागहरूलाई सेमेस्टर र वार्षिक परीक्षा प्रणालीअन्तर्गतका कक्षाको तोकिएको 'क्रेडिट आवर' नघट्ने गरी समय तालिका बनाउन भनेको हो। त्रिवि कार्यकारी परिषदले कात्तिक १६ गतेदेखि माघ १५ गतेसम्म दैनिक सात घण्टा र माघ १६ गतेदेखि कात्तिक १५ गतेसम्म दैनिक आठ घण्टा नघट्ने गरी काम गर्न कर्मचारीलाई निर्देशन दिएको छ।

कार्यकारी परिषद्ले आंगिक क्याम्पस र कलेजहरू, विभागहरू र अस्पतालबाहेक अन्य कार्यालय तथा निकायको हकमा कार्यालय समय बिहान ९ बजेदेखि ५ बजेसम्म हुने निर्णय गरेको छ। यस्तै कात्तिक १६ गतेदेखि माघ १५ गतेसम्मको कार्यालय समय बिहान ९ बजेदेखि ४ बजेसम्म कायम गर्ने निर्णय गरेको छ।

## योजना आयोग र राष्ट्र बैंकमा नियुक्ति

**दमक/** राष्ट्रिय योजना आयोगको उपाध्यक्षमा डा. गुणाकर भट्ट नियुक्त भएका छन् । मंगलबार बसेको मन्त्रिपरिषद् बैठकले आयोगको उपाध्यक्षमा डा. भट्टलाई नियुक्त गरेको संघीय मामिला तथा समान्य प्रशासनमन्त्री प्रतिभा रावलले जानकारी दिइन् । यस्तै राष्ट्र बैंकको डेपुटी गभर्नरमा सोही बैंकमा कार्यरत निर्देशक किरण पण्डित नियुक्त भएका छन् । नेपाल राष्ट्र बैंकमा दुईजना डेपुटी गभर्नरको पद रिक्त थियो । डेपुटी गभर्नर नीलम ढुङ्गाना तिम्सिना र बमबहादुर मिश्रले अवकाश पाएसँगै उक्त पद रिक्त थियो । तीमध्ये एकमा पण्डित नियुक्त भएका हुन् ।

## १८ महिला सांसदहरुको उजुरी

दमक/ नेपाल कम्युनिष्ट पार्टी (एमाले)का महिला सांसदहरूले पछिल्लो समयमा किशोरीहरूमाथि भएका साइबर बुलिङका विषयमा नेपाल प्रहरीको साइबर ब्युरोमा उजुरी दिएका छन् । एमालेका सचिव एवं प्रतिनिधिसभा सदस्य पद्माकुमारी अर्याल, केन्द्रीय सदस्य एवं राष्ट्रियसभा सदस्य रामकुमारी झाँक्रीसहित १८ महिला सांसदले भोटाहिटीस्थित सो ब्युरोमा लिखित उजुरी दिएका हुन् ।

सामाजिक सञ्जाल तथा विभिन्न भर्चुअल प्लेटहरूमार्फत विशेष गरी साइबर बुलिङ, दुर्व्यवहार, अपमानजनक व्यवहार, घृणा र टीका टिप्पणीले किशोरीहरू मानसिक उत्पीडनको सिकार भएको उजुरीमा उल्लेख छ ।

## राष्ट्रिय सभा उपाध्यक्षमा भण्डारीले लिईन शपथ

दमक । राष्ट्रिय सभाका नवनियुक्त उपाध्यक्ष लीला कुमारी भण्डारीले पदको शपथ लिएकी छिन् । उपाध्यक्ष भण्डारीलाई मंगलबार राष्ट्रपति रामचन्द्र पौडेलको उपस्थितिमा राष्ट्रिय सभाका अध्यक्ष नारायण प्रसाद दाहालले शफथ दिलाएका हुन् । भण्डारी सोमबार राष्ट्रिय सभाको उपाध्यक्षमा निर्वाचित भएकी थिइन् ।

### जेनजी आन्दोलनमा गल्ति भएको स्वीकार गर्न ओलीलाई पुनको आग्रह

दमक । प्रतिनिधि सभाका स्वतन्त्र सांसद महावीर पुनले तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले जेनजी आन्दोलनमा क्रममा गलत गरिएछ भन्ने कुरालाई स्वीकार गर्न सक्नुपर्ने बताएका छन् । सङ्घीय संसद् भवन परिसरमा सञ्चारकर्मीहरूले बाँकी ४ पेजमा ▸▸

# संघीय निर्देशन र प्रदेश कानुनबीच सञ्चार नीतिमा द्वन्द्व

**विराटनगर/** संघीय सरकार र कोशी प्रदेश सरकारबीच सञ्चार क्षेत्रमा नीतिगत असमझदारी देखिएको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले चैत १८ गते जारी गरेको परिपत्रमा सबै सरकारी निकायलाई सूचना तथा विज्ञापन केवल सरकारी सञ्चार माध्यममार्फत प्रकाशन-प्रसारण गर्न निर्देशन दिएको छ। उक्त परिपत्रअनुसार गोरखापत्र संस्थान, रेडियो नेपाल र नेपाल टेलिभिजन जस्ता माध्यममा मात्र सूचना दिनुपर्ने उल्लेख छ । सरकारका अनुसार यसले मितव्ययिता, पारदर्शिता र एकरूपता कायम गर्नेछ ।

तर, यहीबीच कोशी प्रदेशसभाबाट पारित 'आमसञ्चार सम्बन्धी विधेयक'ले भने फरक व्यवस्था गरेको छ । विधेयकले प्रदेशभित्रका सञ्चारमाध्यमलाई प्राथमिकता दिँदै सरकारी विज्ञापन र सूचना स्थानीय तथा साना लगानीका मिडियामा वितरण गर्नुपर्ने प्रावधान राखेको छ। मातृभाषाका सञ्चारमाध्यमलाई समेत प्राथमिकता दिने उल्लेख गरिएको छ ।

विधेयकले सञ्चारमाध्यमको दर्ता, नवीकरण, नियमन र पत्रकारहरूको हितलाई समेटेको छ। अनलाइन मिडियाका लागि प्यान र भ्याट दर्ता अनिवार्य गरिएको छ भने नवीकरण अवधि १ वर्ष पुर्‍याइएको छ । साथै, महिला, दलित, आदिवासी तथा पिछडिएका क्षेत्रका पत्रकारका लागि छात्रवृत्ति र क्षमता विकास कार्यक्रम सञ्चालन गरिने व्यवस्था गरिएको छ ।

सात सदस्यीय 'आमसञ्चार प्रतिष्ठान' गठन गर्ने प्रावधान पनि विधेयकमा समावेश छ, जसमा कम्तीमा तीन महिला सदस्य अनिवार्य गरिएको छ। आचारसंहिताका लागि प्रेस काउन्सिल नेपाल को मापदण्ड अपनाइनेछ । पत्रकारहरूको स्वास्थ्य तथा दुर्घटना बीमाको जिम्मा सञ्चार संस्थामै रहनेछ ।

विवादित जरिवाना प्रावधान घटाएर ५ हजारदेखि ५० हजार रूपैयाँसम्म कायम गरिएको छ भने कारबाहीअघि चेतावनी दिने व्यवस्था थपिएको छ। यद्यपि, केही प्रावधान अझै विवादित रहेको भन्दै सरोकारवालाले आलोचनात्मक समर्थन जनाएका छन् ।

## ६ देशका राजदूत फिर्ता बोलाईयो

**दमक/** सरकारले केपी शर्मा ओली नेतृत्वको सरकारले नियुक्त गरेका ६ देशका राजदूतहरूलाई फिर्ता बोलाएको छ ।

सरकारले भारत, अस्ट्रेलिया, श्रीलंका, डेनमार्क, दक्षिण कोरिया र दक्षिण अफ्रिकाका राजदूतहरूलाई फिर्ता बोलाएको हो । भारतमा शंकरप्रसाद शर्मा, अस्ट्रेलियामा चित्रलेखा यादव, डेनमार्कमा सुम्निमा तुलाधर, श्रीलंकामा पूर्णबहादुर नेपाली, दक्षिण कोरियामा शिवमाया तुम्बाहाम्फे र दक्षिण अफ्रिकामा कपिलमान श्रेष्ठ राजदूत छन् ।

परराष्ट्र मन्त्रालयका प्रवक्ता लोकबहादुर क्षेत्री पौडेलका अनुसार आइतबारको मन्त्रिपरिषद बैठकको निर्णयअनुसार ६ देशका राजदूतहरूलाई एक महिनाभित्र फर्किन सोमबार पत्राचार गरिएको छ । केपी ओली नेतृत्वको सरकारले ३४ मिसनहरूमध्ये १७ मा राजनीतिक कोटाबाट राजदूत नियुक्त गरेको थियो । ती ३४ मध्ये सुशीला कार्की नेतृत्वको अन्तरिम चुनावी बाँकी ४ पेजमा ▸▸

## मन्त्रीहरुको मर्यादा हेरफेर

**काठमाडौं/** नियुक्त भएको ११ दिनपछि बालेन शाह नेतृत्वको मन्त्रिपरिषद्रुमा रहेका मन्त्रीहरुको वरीयतामा व्यापक हेरफेर गरिएको छ। चैत १३ गते मन्त्रिपरिषद् गठन हुँदा गृहमन्त्री सुधन गुरुङको वरीयता तेस्रो नम्बरमा रहेकामा चैत २४ गते राष्ट्रपति राष्ट्रपति रामचन्द्र पौडेलले मर्यादाक्रम हेरफेर गर्दा गृहमन्त्री सुदन गुरुङ पाँचौं नम्बरमा पुगेका छन्। यसअघि १३ गते उनको

# स्रोत अभावमा विपद् व्यवस्थापन कमजोर

**दमक/** संघीय सरकारले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनलाई प्रभावकारी बनाउन निर्देशन दिइरहेका बेला स्रोतसाधनको अभावमा जिल्ला तथा स्थानीय विपद् व्यवस्थापन कार्य प्रभावित बनेको छ । जिल्ला र स्थानीय तहमा गठन भएका विपद् व्यवस्थापन समितिहरू आवश्यक उपकरण र जनशक्तिको कमीका कारण प्रभावकारी रूपमा काम गर्न नसक्ने अवस्थामा पुगेका हुन ।

चैतको पहिलो साता आएको हावाहुरीका कारण कोशी राजमार्ग अन्तर्गत धनकुटाको हिले खण्डमा सयौं रूख ढलेर सडक अवरूद्ध भएको थियो। नेपाली सेना, सशस्त्र प्रहरी र नेपाल प्रहरी परिचालन गरिए पनि रूख काट्ने आवश्यक उपकरण नहुँदा करिब १४ घण्टासम्म सडक खुलाउन ढिलाइ भएको थियो ।

बाढी तथा डुबानका घटनामा उद्धारका लागि सशस्त्र प्रहरीसँग पर्याप्त लाइफज्याकेटसमेत छैन भने रेडक्रससजस्ता संस्थासँग समेत न्यूनतम आपतकालीन राहत सामग्रीको अभाव रहेको छ। प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा सञ्चालन हुने विपद् व्यवस्थापन कोष पनि खाली अवस्थामा रहेको जनाइएको छ ।

गृहमन्त्री सुधन गुरूङ को निर्देशनपछि बसेको जिल्ला विपद् व्यवस्थापन समितिको बैठक पनि स्रोत अभावकै विषयमा केन्द्रित रह्यो । बैठकले पर्याप्त स्रोतसाधन नहुँदा विपद् पूर्वतयारी र प्रतिकार्य दुवै कमजोर बनेको निष्कर्ष निकालेको छ । यसरी केन्द्रबाट निर्देशन आए पनि स्थानीय तहमा स्रोत अभावकै कारण कार्यान्वयन चुनौतीपूर्ण बनेको देखिएको छ ।

# पेट्रोलियम पदार्थमा कर छुट

*__काठमाडौं/__ सरकारले पेट्रोलियम पदार्थ आयातमा लगाउँदै आएको भन्सार र पूर्वाधार विकास करमा ५० प्रतिशत छुट दिने निर्णय गरेको छ । मंगलबार बसेको मन्त्रीपरिषद् बैठकले पेट्रोलियम आपूर्ति सहज बनाउन 'वर्क फ्रम होम' र विद्युतीय सवारीको प्रयोग बढाउन सरकारको आह्वान गरेको छ । मन्त्रीपरिषद् बैठकको निर्णय सुनाउँदै संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री प्रतिभा रावलले १५ दिनयता पेट्रोलियम पदार्थको आपूर्तिका कारण आयल निगम ११ अर्बभन्दा बढी घाटामा गएका कारण मूल्य समायोजन गर्नुपरेको बताइन् । अहिले पूर्वाधार विकास कर प्रतिलिटर १० रूपैयाँ लाग्ने गरेको छ ।*

*यस्तै मध्यपूर्व तनावका कारण पेट्रोलियम पदार्थ मूल्य आकाशिएपछि सरकारले इन्धनमा मितव्ययिता अपनाउने नीति अघि सारेको छ । यसका लागि सरकारले जोरबिजोर प्रणाली लागू गर्ने तयारी गरेको छ । मंगलबार बसेको मन्त्रिपरिषद् बैठकमा पेट्रोलियम पदार्थको आपूर्तिबारे छलफल भएको छ । यससँगै सवारी साधानमा जोरबिजोर प्रणाली लागू गर्ने पनि तयारी भइरहेको मन्त्री रावलले* बाँकी ४ पेजमा ▸▸

# दुर्घटना हुँदा आगलागी, तीन जनाको मृत्य

**सप्तरी/** महोत्तरीमा दुई मोटरसाइकल आपसमा ठोकिँदा आगलागी भई तीन जना विद्यार्थीको जलेर मृत्यु भएको छ । उक्त दुर्घटनामा थप तीन जना विद्यार्थी गम्भीर घाइते भएको प्रहरीले जनाएको छ ।

मृतक तथा घाइतेको हालसम्म पहिचान खुल्न नसकेको महोत्तरीका प्रहरी प्रवक्ता तथा प्रहरी नायब उपरीक्षक शैलेन्द्र कुमार भट्टले जानकारी दिए । जलेश्वर-बर्दिबास सडकखण्डअन्तर्गत एकडारा गाउँपालिका-५ स्थित बथनाहा गाउँमा आज विपरीत दिशाबाट आइरहेका दुई मोटरसाइकल एकापसमा ठोक्किएका थिए । ठोक्किएसँगै दुवै मोटरसाइकलमा आगलागी हुँदा तीन जना विद्यार्थीको घटनास्थलमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

घाइतेमध्ये दुई जनाको अवस्था गम्भीर र एक जनाको अवस्था मध्यम रहेको प्रहरीले जनाएको छ । उनीहरूको जलेश्वरस्थित प्रादेशिक अस्पतालमा उपचार भइरहेको छ । दुर्घटनामा मोटरसाइकल पूर्ण रूपमा जलेका कारण बाँकी ४ पेजमा ▸▸

## श्री जीवन स्मृति प्रतिष्ठानको सूचना

**यस प्रतिष्ठानको वार्षिक साधारणसभा मिति २०८२ चैत्र २१ गते शनिबारका दिन बोलाइएकोमा आवश्यक गणपूरक संख्याको अभावमा स्थगन गरिएको हुँदा पुनः निम्न मिति, स्थान र समयमा साधारणसभा गर्ने निश्चय गरिएको हुँदा प्रतिष्ठानका सम्पूर्ण सदस्यहरुमा उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछौं ।**

तपशिल

**मिति :** २०८२/१२/२८ शनिबार
**स्थान :** संस्थाको कार्यालय रहेको, प्राच्यविज्ञान अनुसन्धान संस्थान, ऋतम्भराकुञ्ज, दमक–४ को सभाहल, डिपुचोक
**समय :** दिनको ११.०० बजेदेखि

| सचिव | अध्यक्ष |
|---|---|
| **शंकर चापागाईं** (धनकुटे कान्छा) ९८४२६३१६०१ | **भूमिप्रसाद दाहाल** ९८४२६२९२७१ |

**श्री जीवन स्मृति प्रतिष्ठान**
दमक, झापा

## बिमारीहरुका लागि सुवर्ण अवसर

**प्रत्येक शनिबार नोवेल अस्पताल बिराटनगरबाट आउँदै हुनुहुन्छ MD, DM योग्यता प्राप्त विशेषज्ञ डाक्टरहरुको टिम दमकमा । सही उपचार र सुझावका लागि सम्पर्क राख्न अनुरोध छ ।**

**विशेषज्ञ डाक्टरहरू**

**१. राम सागर साह**
(MBBS, MS, MCH Urology)
वरिष्ट युरोलोजिष्ट (मुत्र प्रोस्टेट तथा पथरी रोग विशेषज्ञ)

**२. खुस्बु प्रिया मिश्र**
(MBBS, MD, DM (Gastro & Liver)
वरिष्ट पेट तथा कलेजो रोग विशेषज्ञ

**३. सम्पन्न बुढाथोकी**
(MBBS, MD, DM (Gardiology)
(वरिष्ट मुटोरोग विशेष)

**४. सन्तोष सुवेदी**
MBBS, MD, DM (Nephrology)
वरिष्ठ मृगौला रोग विशेषज्ञ

**५. प्रताप कुमार राय**
MBBS, MD (Endocrinology)
वरिष्ट सुगर तथा थाइराइड रोग विशेषज्ञ

नोट : १) ब्लड सुगर, PP Fasting निःशुल्क जाँच गरिन्छ ।
२) डाक्टरहरूको सेवा लिन फोनबाट पनि नाम टिपाउन सकिनेछ ।

दैनिक सेवाहरु

**डा. तिलकचन्द्र साह** MBBS, DMRD, MD (TU) वरिष्ट रेडियोलोजिष्ट
भिडियो एक्स-रे सेवा (4D) (साधारण पेटको, गाठागुठीलगायत) Anomaly Scan, TVS

**ओपिडी सेवा :** प्रत्येक दिन विशेषज्ञ डाक्टरहरुद्वारा थाइराइड, प्रेसर तथा सुगर, पेट तथा छात्ती सम्बन्धी रोग, लिभर, गाइनी तथा प्रसुती सम्बन्धी सम्पूर्ण सेवा ।

➢ Whole Body जाँच ➢ मुटुको Echo जाँच (Echocardiography)
➢ ECG ➢ PFT (Pulmonary Function Test) ➢ बाल रोग विशेषज्ञ सेवा ➢ हाडजोर्नी सेवा
➢ अध्याधुनिक ल्याब/प्याथोलोजी सेवा ➢ दम तथा एलर्जी (Asthma) क्लिनिक सेवा
➢ खोप सेवा (Vaccination) स्त्री रोग विशेषज्ञ सेवा

सम्पर्क : **एभरेष्ट फार्मेसी/झापा डाइगोनिष्ट प्रा.लि.**
दमक-६, (इशा कम्प्लेक्स, थानाको गेट जोडिएको घर)
Call: 023-577414 | 9704544899

# सम्पादकीय

## पर्यटन प्रचार मात्रै होईन, प्रवर्द्धन पनि

पर्यटन भनेको प्रचार मात्रै होईन, प्रवर्द्धन पनि हो । प्रवर्द्धन मार्फत समृद्धी प्राप्ति हो । प्रवर्द्धन भने पछि कुनै भुगोल, संस्कृति, पर्यावरण, संरचना आदिको बारेमा बढि भन्दा बढि मानिसमा जानकारी पुऱ्याउने कार्य हो । जानकारी पाए पनि मानिसमा सिर्जना हुने उत्सुकुताका कारण अवलोकन तथा महसुसका लागि त्यस ठाउँसम्म पुग्न आतुर हुन्छ । मानिसमा यसरी आतुरता उत्पन्न गराउन सकिए कुनै पनि स्थानमा बढि भन्दाबढि मानिसहरूलाई आउने वातावरण बनाउन सकिन्छ । मानिसहरूको चहल पहल बढे पछि आर्थिक गतिविधि पनि बढ्छ । यसले स्थानीय उत्पादनको खपत बढाउनका साथै ब्यवसायीकताको आधार पनि बढाउँछ । त्यसैले पर्यटनलाई केवल प्रचार र मनोरञ्जनको विषय मात्र बनाईनु हुँदैन ।

मानिस स्वभावतः नयाँ ठाउँ हेर्न, नयाँ संस्कृति अनुभव गर्न र फरक परिवेशमा समय बिताउन चाहन्छ। जब उसले कुनै स्थानबारे पर्याप्त जानकारी पाउँछ, त्यहाँको सौन्दर्य, विशेषता र अनुभवका कथाहरु सुन्छ वा देख्छ, तब उसको मनमा त्यहाँ पुग्ने उत्सुकता जाग्छ। यही उत्सुकताले उसलाई यात्रा गर्न प्रेरित गर्छ । त्यसैले प्रवर्द्धनको मुख्य उद्देश्य नै मानिसमा यस्तो आकर्षण र आतुरता सिर्जना गर्नु हो ।

जब कुनै स्थानमा पर्यटकको आगमन बढ्छ, त्यहाँको आर्थिक गतिविधि पनि स्वाभाविक रुपमा वृद्धि हुन्छ। होटल, रेष्टुरेन्ट, यातायात, गाइड सेवा, हस्तकला तथा स्थानीय उत्पादनको माग बढ्न थाल्छ । यसले स्थानीय स्तरमा रोजगारी सिर्जना गर्नुका साथै उद्यमशीलता विकासमा टेवा पुऱ्याउँछ । स्थानीय किसान, कलाकार, ब्यवसायी सबैले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा लाभ लिन सक्छन् ।

यसरी हेर्दा पर्यटन प्रवर्द्धन केवल जानकारी प्रवाह गर्ने प्रक्रिया मात्र नभई समग्र आर्थिक विकासको आधार हो। प्रभावकारी प्रवर्द्धनमार्फत कुनै पनि स्थानलाई चिनाउन, पर्यटक आकर्षित गर्न र अन्ततः समृद्धि हासिल गर्न सकिन्छ । त्यसैले दिगो र योजनाबद्ध प्रवर्द्धन पर्यटन विकासको मूल आधार मानिन्छ । कोशी प्रदेशमा पनि हाले प्रदेश सरकारले तीन पर्यटकीय करिडो र २० गन्तब्य पहिचान गरि प्रवर्द्धन गर्ने नीति अघि सारेको छ । यसलाई केवल प्रचारको विषय मात्र बनाईनु हुँदैन ।

यहाँको जैविक, सांस्कृतिक, भौगोलिक तथा प्राकृतिक विविधताका कारण यहाँ प्रचुर पर्यटकीय सम्भावना रहेको छ । विश्वका सबै भन्दा अग्ला हिमटाकुरा देखि गहिरा उपत्यका लगायत अनेकौं सम्भावनाहरू यहि प्रदेशमा रहेका छन् । त्यसैले यिनको साँचो प्रचार-प्रवर्द्धन गरि यस प्रदेशमा बस्ने बासिन्दाको जीवन स्तरमा समेत सुधार ल्याउन आवश्यक छ र यो सम्भाब्य पनि छ । यसलाई तीनै तहका सरकार र यहाँका बासिन्दा बिच दर्विलो समन्वय गरि प्रभावकारी बनाउन सके प्रदेशले मात्रै होईन समग्र देशलेनै धेरै फाईदा लिन सक्ने देखिन्छ ।

## २०४६ चैत्र २४ ऐतिहासिक दिनको सम्झना

चैत २४ नेपाली प्रजातान्त्रिक इतिहासमा अत्यन्त महत्वपूर्ण र ऐतिहासिक दिनका रुपमा स्मरण गरिन्छ। २०४६ सालको जनआन्दोलन यस दिन निर्णायक मोडमा पुगेको थियो। त्यस आन्दोलनले पञ्चायती व्यवस्थाको अन्त्य गर्दै बहुदलीय प्रजातन्त्रको पुनःस्थापना गरायो। युवावस्थामा आन्दोलनमा प्रत्यक्ष सहभागी भएका एक पात्रका अनुभवले यो दिनको महत्व झन स्पष्ट बनाउँछ।

त्यसबेला आन्दोलनको सुरुआत गणेशमान सिंह को नेतृत्वमा भएको सम्मेलनबाट भएको थियो, जहाँ नेपाली कांग्रेस र वामपन्थी शक्तिहरूले संयुक्त रुपमा आन्दोलन गर्ने घोषणा गरेका थिए। आन्दोलन ७ फागुनदेखि सुरु भई क्रमशः देशव्यापी रुपमा फैलिएको थियो। सडकमा जनसागर उर्लिएको, कांग्रेस र कम्युनिस्ट झण्डा सँगसँगै देखिएको दृश्य अत्यन्त रोमाञ्चक थियो।

आन्दोलनका क्रममा सरकारी कर्मचारीसमेत खुला रुपमा समर्थनमा उत्रन थाले। वीर अस्पतालका चिकित्सकहरुको धर्ना र कृषि विकास बैंकका कर्मचारीहरुको सांकेतिक पेन डाउन यसका उदाहरण हुन्। सरकारी निकायभित्रैबाट यस्तो समर्थन आउनु आन्दोलनका लागि ठूलो ऊर्जा थियो।

२४ चैतको बिहान राजा वीरेन्द्र शाह ले तत्कालीन प्रधानमन्त्री मरिचमान सिंह श्रेष्ठ को सरकार बर्खास्त गरी लोकेन्द्र बहादुर चन्द को नेतृत्वमा नयाँ सरकार गठन गरे। यो कदम आन्दोलनको दबाबकै परिणाम थियो। तर आन्दोलनकारीहरू अब आंशिक सुधारमा सन्तुष्ट हुने अवस्थामा थिएनन्। काठमाडौंका सडकमा विशाल प्रदर्शनहरू भए, "वीरे देश छोड" जस्ता नारा गुञ्जिए।

त्यस दिन राजधानीका विभिन्न स्थान, विशेषतः ललितपुर र कीर्तिपुर, 'मुक्त क्षेत्र' घोषणा गरिएका थिए। सुरक्षाकर्मीको प्रवेश निषेध गरिएको थियो, तर स्थानीयले नै प्रहरीलाई खाना खुवाउने मानवीय व्यवहार पनि देखिएको थियो। यसले आन्दोलनको अनुशासित र सभ्य चरित्रलाई उजागर गर्छ।

आन्दोलनको अर्को रोचक पक्ष आर्थिक मोर्चा पनि थियो। बैंकमा रहेको पैसा आन्दोलन दबाउन प्रयोग भइरहेको भन्दै जनतालाई निक्षेप निकाल्न अपिल गरिएको थियो। यसले बैंकहरुमा भीड बढायो र आर्थिक दबाब सिर्जना गऱ्यो। आन्दोलनकारी र सरकारी कर्मचारीबीचको यस्तो दोहोरो भूमिकाले परिस्थिति झन जटिल बनाएको थियो ।

अन्ततः चैत २४ पछि आन्दोलन झन चर्कियो र २६ चैतमा राजाले राजनीतिक दलहरूमाथिको प्रतिबन्ध हटाउन बाध्य भए। यसरी जनताको बलिदान, एकता र निरन्तर संघर्षले नेपालमा प्रजातन्त्र पुनःस्थापित भयो । यो दिन केवल राजनीतिक परिवर्तनको प्रतीक मात्र होइन, जनशक्तिको विजय, साहस र समर्पणको पनि स्मरणीय दिन हो।

# फोहोरमा देखिने 'ब्रान्ड'स् सफाइ कि जवाफदेहिता



✍ पवित्रा लामिछाने

हामीले उत्पादन गर्ने फोहोरले हाम्रो उपभोग संस्कृतिको कथा भन्छ । नदी, सडक र सार्वजनिक स्थानमा छरिएका प्लास्टिकका खोलहरु केवल व्यक्तिगत असावधानीका संकेत होइनन्, ती त हाम्रो बजार संरचना र नीतिगत व्यवस्थाका गहिरा कमजोरीका प्रतिबिम्बहरु हुन् । नेपालभर सञ्चालन भइरहेका सफाइ अभियानहरूले बाहिर देखिने फोहोर हटाउन मद्दत त गर्छन्, तर संकलित फोहोरमा बारम्बार एउटै-एउटै 'ब्रान्ड'का खोलहरु देखिनुले एउटा गम्भीर प्रश्न उठाएको छ- के प्लास्टिक प्रदूषण केवल उपभोक्ताको समस्या हो ? कि उत्पादकहरु पनि उत्तिकै जिम्मेवार हुनुपर्छ ?

नेपालमा सहरीकरण बढ्दो छ । मानिसहरु गाउँघरभन्दा सहर-बजारमा बस्न बढी रुचाउन थालेका छन् । यसभित्र कतिपयको रहर होला त कतिपयको बाध्यता । यसरी बढ्दो सहरीकरणले मानिसहरूको उपभोग ढाँचामा परिवर्तन ल्याएको छ । यसरी आएको तीव्र परिवर्तनसँगै फोहोर व्यवस्थापनको चुनौती झन् जटिल बन्दै गएको छ ।

अध्ययनअनुसार, नेपालका नगरपालिकाहरूले दैनिक करिब ३ हजार टनभन्दा बढी ठोस फोहोर उत्पादन गर्छन् । त्यसको महत्वपूर्ण अंश प्लास्टिकजन्य फोहोरले ओगटेको छ । काठमाडौं उपत्यकाजस्ता ठूला सहरी क्षेत्रमा त प्लास्टिकजन्य फोहोरको हिस्सा अझै बढी देखिन्छ, जहाँ अधिकांश फोहोर पुनःचक्रण गर्न कठिन वा न्यून मूल्यका प्याकेजिङ सामग्रीबाट बनेको हुन्छ । फोहोरको मात्रा बढ्दै जाँदा पनि व्यवस्थापन प्रणाली स्रोत र साधनका हिसाबले कमजोर देखिन्छ । फोहोर न्यूनीकरण तथा जिम्मेवारी सुनिश्चित गर्नुभन्दा संकलन र विसर्जनमै स्रोत केन्द्रित छ ।

वर्षौंदेखि हामीले 'फोहोर नफालौं' भन्ने सन्देशमा ठूलो ऊर्जा खर्च गरेका छौं । हजारौं स्वयंसेवक, विद्यार्थी र नागरिक संस्थाहरूले समुदाय, नदी र राजमार्गहरूबाट धेरै टन फोहोर संकलन गरेका छन् । तर, प्लास्टिक प्रदूषण घट्नुको सट्टा झन् बढ्दै गएको छ । यसको कारण स्पष्ट छ- हामीले फोहोर फाल्ने व्यवहारमा ध्यान केन्द्रित त गऱ्यौं, तर फोहोर उत्पादन गर्ने प्रणालीलाई बेवास्ता गऱ्यौं ।

सफाइ अभियानका क्रममा संकलित फोहोरमा केही चाउचाउ, चिप्स, बिस्कुट र पानीका बोतलका खोल धेरै देखिन्छन् । यो संयोग होइन । यसले ती 'ब्रान्ड'हरूको बजार पहुँच मात्रै होइन, उनीहरूको प्याकेजिङको प्रकृति पनि देखाउँछ । एक पटक मात्रै प्रयोग हुने प्लास्टिक र पुनः चक्रण गर्न नसकिने साना प्याकेटको प्रयोगले कम्पनीहरूले आफ्ना उत्पादनको अन्तिम अवस्थाप्रति जिम्मेवारी नलिएको स्पष्ट हुन्छ । यसरी फोहोरको भार नगरपालिकाहरु, समुदाय र अन्ततः प्रकृतिमाथि थोपरिएको छ ।

यही अवस्थालाई प्रमाणसहित उजागर गर्ने प्रभावकारी माध्यम हो- 'ब्रान्ड अडिट' । 'ब्रान्ड अडिट' भन्नाले सफाइ अभियान वा फोहोर संकलनका क्रममा भेटिएका प्लास्टिक तथा प्याकेजिङ सामग्री कुन 'ब्रान्ड' वा कम्पनीसँग सम्बन्धित छन् भनेर पहिचान गर्ने प्रक्रिया हो । यसले 'कति टन फोहोर उठ्यो' रु भन्ने प्रश्नभन्दा अघि बढेर 'कुन कम्पनीबाट कति फोहोर उत्पन्न भयो रु' भन्ने प्रश्नलाई केन्द्रमा ल्याउँछ । यस अर्थमा 'ब्रान्ड अडिट' फोहोरको परिमाण मात्रै होइन, त्यसको स्रोत र जिम्मेवारी पहिचान गर्ने एक प्रभावकारी माध्यम पनि हो । यसले सम्बन्धित कम्पनीलाई जवाफदेही र जिम्मेवारी बन्न पनि सकारात्मक दबाब सिर्जना गर्न मद्दत पुग्छ ।

यसको आधारभूत अवधारणा हो- उत्पादकको विस्तारित जिम्मेवारी । यसको अर्थ, कुनै कम्पनीले बजारमा पठाएको उत्पादनबाट उत्पन्न हुने फोहोरको व्यवस्थापन गर्ने जिम्मेवारी पनि उसैले लिनुपर्छ । नेपालमा ठोस फोहोर व्यवस्थापन ऐन तथा प्लास्टिकसम्बन्धी निर्देशिकामा उत्पादकको विस्तारित जिम्मेवारी ईईपीआर० जस्ता अवधारणाको उल्लेख भए पनि व्यवहारमा तिनको कार्यान्वयन अझै कमजोर छ । अहिले पनि फोहोर संकलन, ढुवानी र व्यवस्थापनको अधिकांश भार स्थानीय सरकारहरूले नै बेहोर्नुपरेको छ । जबकि कम्पनीहरु सस्तो प्लास्टिक प्याकेजिङबाट नाफा कमाउँदै जिम्मेवारीबाट पन्छिरहेका छन् ।

यस अवस्थाको प्रभाव केवल वातावरणमा सीमित छैन । यसको सामाजिक र मानवीय स्वास्थ्यसम्बन्धी असर पनि गम्भीर छ । प्लास्टिक बिस्तारै सूक्ष्म कण (माइक्रोप्लास्टिक) मा विखण्डित भएर माटो, पानी र खाद्य शृंखलामा प्रवेश गर्छ र अन्ततः मानव शरीरसम्म पुग्न सक्छ । खुला रुपमा फोहोर जलाउँदा निस्कने विषालु धुवाँले विशेषगरी बालबालिका, महिला र ज्येष्ठ नागरिकहरुमा श्वासप्रश्वाससम्बन्धी गम्भीर समस्या बढाउँछ । साथै, फोहोरसँग प्रत्यक्ष काम गर्ने अनौपचारिक क्षेत्रका श्रमिकहरु पर्याप्त सुरक्षा, पहिचान र आय सुनिश्चितताबिना नै जोखिमपूर्ण अवस्थामा काम गर्न बाध्य छन् । यसरी प्लास्टिक प्रदूषणको भार समान रुपमा बाँडिएको छैन । यसले गरिब र सीमान्तकृत समुदायलाई बढी प्रभावित पारिरहेको छ ।

नेपाल सरकारले पछिल्ला वर्षहरुमा केही सकारात्मक पहलहरु अघि सारेको छ । पातलो प्लास्टिक झोलामा प्रतिबन्ध, स्रोतमै फोहोर छुट्याउने अभियान र ठोस फोहोर व्यवस्थापनसम्बन्धी निर्देशिका निर्माणजस्ता प्रयासहरूले समस्याप्रति संस्थागत चासो देखाएका छन् । केही स्थानीय सरकारहरूले घर-घरमा फोहोर संकलन, कम्पोस्टिङ र जनचेतना कार्यक्रम पनि सञ्चालन गरेका छन् । तर, यी प्रयासहरु अझै पनि मुख्यतः 'डाउनस्ट्रिम' (फोहोर संकलन र व्यवस्थापन जस्ता पछिल्लो चरणका समाधान) मै केन्द्रित छन् । उत्पादन र प्याकेजिङसँग सम्बन्धित 'अपस्ट्रिम' (फोहोर उत्पादन हुने प्रारम्भिक चरण) का हस्तक्षेपहरु भने पर्याप्त रुपमा विकास हुन सकेका छैनन् ।

यद्यपि 'ब्रान्ड अडिट'को सम्भावना ठूलो भए पनि नेपालमा यो अझै औपचारिक प्रणालीको हिस्सा बन्न सकेको छैन । केही वातावरणीय संस्था र स्वयंसेवकहरूले यसलाई प्रयोगमा ल्याएका त छन् तर ती प्रयासहरु सीमित दायरामा मात्रै छन् । अधिकांश स्थानीय तह अझै 'कति फोहोर उठाइयो' भन्ने सूचकमै सीमित छन् । फोहोर बढाउन 'कुन ब्रान्ड जिम्मेवार छन्' भन्ने तथ्य संकलन गर्ने प्रणालीको अभाव छ । यसले गर्दा प्रदूषणका वास्तविक स्रोतहरु नीति र बहसमा ओझेलमा पर्ने गरेका छन् ।

अन्तर्राष्ट्रिय अनुभवले भने स्पष्ट देखाउँछ कि परिवर्तन सम्भव छ । 'प्लास्टिकबाट मुक्त' जस्ता अभियानहरूले 'ब्रान्ड अडिट'मार्फत केही बहुराष्ट्रिय कम्पनीहरूलाई विश्वका प्रमुख प्लास्टिक प्रदूषकका रुपमा चिनाएका छन् । धेरै युरोपेली देशले 'उत्पादक-जिम्मेवारी' को विषय कडाइका साथ लागू गर्दै कम्पनीहरूलाई आ' ना प्याकेजिङ फिर्ता लिन वा त्यसको व्यवस्थापन खर्च तिर्न बाध्य बनाएका छन् । यसले बजारलाई क्रमशः पुनः चक्रणयोग्य, पुनः प्रयोगयोग्य र कम प्लास्टिक प्रयोगतर्फ उन्मुख गराएको छ ।

अब नेपालले पनि यस्तै प्रणालीगत परिवर्तनतर्फ अघि बढ्नु नितान्त आवश्यक छ । पहिलो, 'ब्रान्ड अडिट'लाई राष्ट्रिय तथा स्थानीय फोहोर व्यवस्थापन प्रणालीमा औपचारिक रुपमा समावेश गरिनुपर्छ । दोस्रो, उत्पादक जिम्मेवारी ९ईपीआर० कडाइका साथ लागू गरी प्रदूषकले तिर्ने सिद्धान्तलाई व्यवहारमा उतार्नुपर्छ । तेस्रो, सरकारले एक पटक प्रयोग हुने प्लास्टिक घटाउने र दिगो प्याकेजिङ प्रवर्द्धन गर्ने स्पष्ट लक्ष्य तथा प्रोत्साहन नीति ल्याउनुपर्छ ।

त्यसैगरी, निजी क्षेत्रले पनि आ' नो जिम्मेवारी स्वीकार गर्दै प्याकेजिङ पुनः डिजाइन गर्न, पुनः प्रयोगयोग्य तथा पुनः चक्रणयोग्य प्रणालीमा लगानी गर्न र फोहोर व्यवस्थापन प्रणालीसँग सहकार्य गर्न अति आवश्यक छ । यस कार्यमा नागरिक समाज र सञ्चारमाध्यमको भूमिका पनि उत्तिकै महत्वपूर्ण छ । सफाइ अभियानहरूलाई एक पटकको गतिविधिमा सीमित नराखी 'ब्रान्ड' कम्पनीलाई नै जवाफदेहिता अभियानमा रुपान्तरण गर्नुपर्छ, जसले तथ्य सार्वजनिक गर्ने, जनचेतना बढाउने र सार्वजनिक दबाब सिर्जना गर्ने काम गर्छ ।

प्लास्टिक प्रदूषण केवल व्यक्तिगत असावधानीको परिणाम होइन । यो उत्पादन प्रणाली, बजार अभ्यास र कमजोर नीतिगत कार्यान्वयनको संयुक्त परिणाम हो । सफाइ अभियानहरु महत्वपूर्ण भए पनि ती प्रणालीगत परिवर्तनसँग जोडिएनन् भने तिनले दीर्घकालीन समाधान दिन सक्दैनन् । यसैले 'ब्रान्ड अडिट' यस परिवर्तनतर्फको महत्वपूर्ण आधार बन्न सक्छ । *(लामिछाने वातावरणीय दिगोपन तथा प्लास्टिक प्रदूषणसम्बन्धी अभियन्ता हुन् ।)* कान्तिपुर

# निजी विद्यालयले कुन कुन विषयमा शुल्क लिन पाउने

**दमक/** सरकारले निजी विद्यालयलाई जथाभावी शुल्क नलिन चेतावनी दिएको छ ।

शिक्षा मन्त्रालयका प्रवक्ता शिवकुमार सापकोटाले आइतबार विज्ञप्ति जारी गर्दै एक शैक्षिक सत्र सकिएर नयाँ शैक्षिक सत्र सुरु हुने बेला जथाभावी शुल्क नलिन विद्यालयहरूलाई ध्यानाकर्षण गराएका हुन्।सबैभन्दा बढी निजी विद्यालयले लिने शुल्कका विषयमा मन्त्रालयमा उजुरी आएको शिक्षा मन्त्रालयले जनाएको छ ।

निजी विद्यालयले भर्ना, वार्षिक शुल्कलगायत शीर्षकमा जथाभावी शुल्क लिएको भन्दै अभिभावकले शिक्षा मन्त्रालय सँगै स्थानीय तहदेखि विभिन्न निकायमा उजुरी र गुनासो गरेका छन्।

सर्वोच्च अदालतले समेत गत साता शैक्षिक सत्र प्रारम्भ भएपछि मात्र विद्यार्थी भर्ना गराउन आदेश दिएको थियो । शिक्षा मन्त्रालयले उक्त आदेश कार्यान्वयन गर्न ताकेता गर्दै संस्थागत (निजी) विद्यालय शुल्क निर्धारण मापदण्ड निर्देशका २०७२ अनुसारमात्रै शुल्क लिन निर्देशन दिएको छ ।

मन्त्रालयले शैक्षिक सत्र २०८३ प्रारम्भ हुनुपूर्व नै विद्यार्थी भर्ना गर्ने र भारी शुल्क असुली गर्ने गरेको सप्रमाण तथ्य बाहिरएका सम्बन्धमा मन्त्रालयको ध्यानाकर्षण भएको जनाएको छ। अतिरिक्त शुल्क लिने गैरकानुनी काम भएको भए अभिभावकलाई फिर्ता गर्न समेत मन्त्रालयले अनुरोध गरेको छ ।

निर्देशिकामा निजी विद्यालयले मासिक पढाइ, वार्षिक, भर्ना, धरौटी, परीक्षा, कम्प्युटर, स्थानान्तरण प्रमाणपत्र, विशेष प्रशिक्षण, आवास, भोजन, परिवहन (यातायात), शैक्षिक भ्रमण, अन्तरविद्यालय प्रतियोगिता सञ्चालन र शैक्षिक सामग्री शिर्षकमा शुल्क लिन पाउने उल्लेख छ ।

मासिक पढाइ शुल्क १ वर्षमा १२ महिनाभन्दा बढीको लिन नपाइने व्यवस्था गरिएको छ । निर्देशिकाको शुल्क शीर्षक र मापदण्ड विवरणअुसार भर्ना शुल्क जुन कक्षामा भर्ना हुने हो सोही कक्षाको स्वीकृत शुल्क एक पटक मात्र लिन पाइनेछ ।

भर्ना शुल्क १ महिनाको मासिक शुल्कभन्दा बढी लिन पाइनेछैन । यी शुल्क सम्बन्धित निकायबाट स्वीकृत गराएर मात्र लिन पाइनेछ।विद्यालयले सम्बन्धित स्थानीय तहबाट शुल्क स्वीकृत गराउनुपर्ने व्यवस्था छ ।

वार्षिक शुल्क २ महिनाको स्वीकृत मासिक शुल्कबराबर मात्र लिन पाइने निर्देशिकामा उल्लेख छ । वार्षिक शुल्कको रकम खेलकुद, अतिरिक्त क्रियाकलाप, प्रयोगशाला, पुस्तकालय,भवनलगायत भौतिक मर्मत र प्राथमिक उपचारमा खर्च गर्नुपर्नेछ । निर्देशिकाले परीक्षा र शैक्षिक सामग्री शुल्कका विषयमा पनि मापदण्ड तोकेको छ ।

परीक्षा शुल्क प्रत्येक कक्षाको लागि स्वीकृत मासिक पढाइ शुल्कको ५० प्रतिशतभन्दा बढी लिन पाइनेछैन। परीक्षाको मापदण्डमा सञ्चालित सम्पूर्ण खर्च र स्थानान्तरण प्रमाणपत्र छपाइखापतको खर्च समेत यसैभित्र समेट्नु पर्नेछ,' निर्देशिकामा भनिएको छ, 'शैक्षिक सामग्रीबापत मासिक पढाइ शुल्कको १० प्रतिशत मात्र वर्षमा एक पटक लिन पाइनेछ।' निर्देशिकाले विद्यालयको मापदण्ड, खर्च प्रकृति सीमांकन, शुल्क दरको निर्धारण, शुल्कको अनुमोदन तथा स्वीकृति विधि तोकेको छ ।

निर्देशिकाले निजी विद्यालयमा आवास (होस्टल), खाजा/खाना र यातायात शुल्क अभिभावक भेलाबाट तोक्नुपर्ने व्यवस्था गरेको छ । 'आवास व्यवस्थापनको शुल्क निर्धारण गर्दा आवासीय विद्यार्थीहरूको अभिभावक र विद्यालयबीच भएको सहमतिअनुसार हुनेछ ।

आवासीय विद्यार्थीहरूको अभिभावक भेलाबाट शुल्क पारित गराउनुपर्नेछ । दिवा भोजन तथा खाजा शुल्क सोही सेवा उपभोग गर्ने अभिभावकको भेलाले पारित गर्नुपर्नेछ । पहिवहन (यातायात) प्रयोग गर्ने विद्यार्थीको अभिभावकको भेलाको दुई तिहाइ भेलाबाट पारित गर्नुपर्नेछ,' निर्देशिकामा भनिएको छ ।

# लेखापढी व्यवसायी आन्दोलित

**दमक/** नेपाल लेखापढी कानुन व्यवसायी एसोसिएसन इकाई समिति दमक लगायत झापाका लेखापढी कानुन व्यवसायी सरकारको विरुद्ध आन्दोलित भएका छन्। सरकारले लेखापढी कानुन व्यवसायीलाई विचौलिय भन्दै नापी र मालपोत लगायतका कार्यालय प्रवेशमा रोक लगाएपछि दमकसँगै इकाई समिति भद्रपुर झापा जिल्लाका लेखापढी व्यवसायीहरु सरकार विरुद्ध आन्दोलित भएका हुन् ।

भुमी सुधार मन्त्रालयको सचिव स्तरीय बैठकको निर्णयले लेखापढी व्यवसायीलाई विचौलियाको संज्ञा दिएर मालपोत र नापी कार्यालय दमकले प्रवेशमा रोक लगाएपछि साँकेतिक विरोधमा होमिएको लेखापढी कानुन व्यवसायी एसोसिएसन कोशी प्रदेश समिति संयोजक ज्ञानेन्द्र तिम्सिनाले बताए । आफ्ना मागलाई सरकारले बेवास्ता गरे कानुनी लडाइसँगै चरणबद्ध आन्दोलनमा उत्रिने कोशी प्रदेश संयोजक तिम्सिनाले जनाए ।

लेखापढी कानुन व्यवसायी एसोसिएसन इकाई समिति दमकका सचिव गगन शिवाकोटीले सूचना जारी गर्दै भूमि व्यवस्थापन तथा अभिलेख विभाग र नापी विभागबाट चैत १८गते जारी भएको परिपत्र अनुसार आम लेखापढी व्यवसायीतथा भू-सेवाकर्ताहरुलाई सम्मानित अदालतले काम गर्न दिएको र सम्बन्धित निकायबाट राज्यलाई धरौटी समेत बुझाई साथै व्यवसाय दर्ता समेत गरी प्राप्त अधिकार विपरीत सरकारबाट भएको निर्णयको विरुद्ध सम्पूर्ण लेखापढी कानुन व्यवसायी तथा भू-सेवाकर्ताहरु ऐक्यबद्धता जनाउदै सबै सेवा बन्द गरेको उल्लेख छ।

सम्मानित अदालतबाट अड़ा अदालतले लेखापढी गर्न पाउने परीक्षा पास गरेर सोही अदालतले प्रमाण पत्र दिएपछि नापी र मालपोत लगायतका अर्धन्यायिक निकायमा लेखापढी गर्ने हामी लेखापढी कानुन व्यवसायीलाई सरकारले रोक लगाउनु उचित नहुने लेखापढी कानुन व्यवसायी एसोसिएसन इकाई समिति दमक अध्यक्ष तारा बहादुर खड्काले बताए । लेखापढी कानुन व्यवसायी एसोसिएसन इकाई समिति भद्रपुरका अध्यक्ष निरज पोखरेल र सचिव मुरारी न्यौपानेले संयुक्त हस्ताक्षर गरी जारी प्रेस विज्ञप्ती मार्फत आन्दोलन गर्ने जनाएको छ ।

# पृथ्वी माविमा उत्कृष्ट नतिजा ल्याउने विद्यार्थीलाई पुरस्कृत



**दमक**/ दमक-७ स्थित पृथ्वी माध्यमिक विद्यालयले नर्सरीदेखि कक्षा ९ सम्मका विद्यार्थीको नतिजा प्रकाशन गरेर पुरस्कार वितरण गरेको छ। मंगलबार विद्यालयले नर्सरीदेखि कक्षा ७ र ९ को नतिजा प्रकाशन गर्दै उत्कृष्ट हुने तीन जना प्रथम, द्वितीय र तृतीय हुने विद्यार्थीलाई पुरस्कृत गरेको छ। पुरस्कृत विद्यार्थीले कक्षा अनुसारका आवश्यक कपि र डटपेन प्राप्त गरेका छन् ।

विद्यालयका प्रधानाध्यापक विष्णुबहादुर राईले जनाए अनुसार पुरस्कृत विद्यार्थीहरुमा

कक्षा ९ (क)बाट रजनी बिक, रोहन गिरी, समिक्षा कुमाल र (ख) बाट हाङ्मा नाल्बो, मुस्कान लावती टिजा विक उत्कृष्ट भई पुरस्कृत भएका छन् भने ७ (क) बाट धिरज सहनी, निधि राजवंशी, अर्पण ओली र (ख) बाट भिमा लावती, संयोग आङ्दम्बे, सुप्रिया योङहाङ पुरस्कृत भएका छन् ।

यसैगरी कक्षा ६ (क) बाट रोदिप लिम्बु, सिकुम लिम्बु, दुर्गा शाह र (ख)बाट राकेश लिम्बु, सजन राई र शिा लिम्बु रहेका छन भने कक्षा ५ (क) बाट मिङ्सी लिम्बु, विष्णुमाया श्रेष्ठ र टिया लिम्बु र (ख) बाट अर्पिता शाह, गंगा यामी र मो. फरहान आलम पुरस्कृत भए । कक्षा ४ (क) बाट सन्देश शेर्मा, सरिना बेघा, अनुषा राई (ख)बाट रानी लिम्बु, सोमिया राई, सञ्चिता अधिकारी पुरस्कृत भए भने कक्षा ३ (क)बाट शखी लिम्बु, नुमा लिम्बु र समैरा लिम्बु (ख) बाट अमिर टुडु, विशेष राई, स्वीकृति चौधरी पुरस्कृत भएका छन् । यस्तै कक्षा २ बाट निखिल सहनी प्रथम, खुशी सोनी, स्वीकृत चौधरी द्वीतिया र अञ्जली शाह (तृतिय) भएका छन् । यस्तै कक्षा १ बाट आर्यन शेर्मा (प्रथम), आयन खान र मो. रेहान (द्वितीय) र साहिल कुमाल तृतीय भएका छन् ।

केजीतर्फ मनिष कुमाल, मनिष राई र दिब्या निरौला क्रमशः प्रथम, दोस्रो र तेस्रो भएका छन् । नर्सरीमा नोओमी विक प्रथम, कृपा माझी दोस्रो र मेहेरा प्रविन तेस्रोत स्थान हासिल गरी पुरस्कृत भएका छन् ।

# गाउँमै पुगेर माटो परीक्षण



**धनकुटा**/ सुन्तला उत्पादनमा ह्रास आउन थाले पछि धनकुटाको सहिदभूमि गाउँपालिका-४ खोकुमा गाउँमै पुगेर माटो परिक्षण गरिएको छ । त्यस्तै, तरकारी बालिमा समस्या देखिन थालेपछी धनकुटाकै छथरजोरपाटी गाउँपालिका-६ सिधुवामा पुगेर माटो परीक्षण शिविर सञ्चालन गरिएको छ । खोकु उत्कृष्ट रसिलो गुलियो सुन्तलाको लागि र सिधुवा क्षेत्र तरकारीको लागि राम्रो क्षेत्र हो । उत्पादनमा समस्या आए पनि परिक्षण केन्द्र नजिकै नहुँदा कृषकको लागि माटो परिक्षण असम्भवझैँ थियो । तर अहिले समस्याग्रस्त क्षेत्रमा पुगेर माटो परिक्षण शिविर सञ्चालन गरेपछि कृषक उत्साहित छन् ।

राष्ट्रिय कृषि आधुनिकीकारण कार्यक्रम, कार्यान्वयन एकाइ ( तेह्रथुम) जोन प्राविधिक एकाइ धनकुटाको आयोजनामा माटो तथा मल परीक्षण प्रयोगशाला, कोशी प्रदेश (झुम्का, सुनसरी)सँगको समन्वयमा सञ्चालन गरिएको शिविरमा स्थानीय किसानको खेतबारीको माटो परीक्षण गरिएको हो । आधुनिकीकारण कार्यक्रम (तेह्रथुम जोन) का प्रमुख राजीवकुमार पाख्रिनका अनुसार यस वर्ष सुन्तला, तरकारी र अलैंची बालीलाई प्राथमिकतामा राखेर कार्यक्रम सञ्चालन गरिएको हो ।

सहिदभूमि गाउँपालिका क्षेत्रलाई सुन्तलाको प्रमुख उत्पादन क्षेत्र मानिने भएकाले यहाँ माटो परीक्षणलाई विशेष प्राथमिकता दिइएको उनको भनाइ छ । शिविरमा मोबाइल भ्यानमार्फत स्थलमै माटो परीक्षण गरियो । त्यस्तै माटो परीक्षणबाट प्राप्त प्रतिवेदनलाई केन्द्र सरकारसम्म पुर्‍याई आगामी दिनमा क्षेत्रअनुकूल कृषि विकासका योजना बनाइने जनाइएको छ ।

परीक्षणपछि किसानलाई तत्कालै नतिजा उपलब्ध गराई आवश्यक मलखाद र सुधारका उपायबारे जानकारी दिएको माटो तथा मल परीक्षण प्रयोगशाला झुम्का सुनसरीका प्रमुख सहायक माटो विज्ञ राजेन्द्रप्रसाद यादवले बताए । यादवका अनुसार सहिदभूमिको माटोमा अम्लीयपन सामान्य अवस्थामा रहेको पाइएको छ भने सिँधुवाको माटोमा अम्लीयपन बढी देखिएको छ ।

# बिना खन-जोत मकै खेती

**उर्लाबारी**/ मोरङको उर्लाबारी नगरपालिकाको कृषि शाखाले पहिलोपटक सञ्चालन गरेको 'शून्य खनजोतमा मकै खेती कार्यक्रम' सफल भएको छ । नगरपालिकाले नगरका सात स्थानमा कृषक समूह र किसानसँग समन्वय गरी प्रयोगात्मक खेती गरेको थियो। तीमध्ये वडा नं. ६ को जनज्योति कृषक समूहले गरेको शून्य खनजोत विधिको मकै खेती सबैभन्दा राम्रो देखिएको छ । अन्य स्थानमा भने चैत दोस्रो सातामा परेको असिना-पानीले क्षति पुर्‍याएको छ। नगरपालिकाको कृषि विकास शाखाको सहयोगमा सात कट्ठा जग्गामा मकै खेती लगाइएको कृषक समूहका अध्यक्ष पदमप्रसाद रिजालले जानकारी दिए । गत मङ्सिर २८ गते यान्त्रिक प्रविधि (सिडड्रिल मेसिन) बाट मकैको बीउ र मल एकैपटक रोपिएको कृषि विकास शाखाका प्रमुख अम्बिकाप्रसाद लुइँटेलले जानकारी दिए । शाखा प्रमुख लुइँटेलका अनुसार नगरपालिकाले मल, बीउ, विषादी र प्रविधि सहयोग गरेको हो । कृषक समूहका अध्यक्ष तथा जग्गाधनी पदमप्रसाद रिजालले शून्य खनजोतमा पनि मकै खेती गर्न सकिन्छ भनेर सुनेको भए पनि पहिलो पटक खेती गरिएको बताए । उनले खनजोत गरेर लगाइएको बालीभन्दा यो विधिबाट अझ राम्रो उत्पादन हुने देखिएको जानकारी दिए । अब पाक्न मात्र बाँकी रहेको र घोगामा दाना लागिसकेको उनको भनाई छ । कृषि शाखा प्रमुख लुइँटेलका अनुसार नगरपालिकाले नगरका सात स्थानमा प्रयोगात्मक खेतीका लागि एक लाख रूपियाँ विनियोजन गरेको थियो । सोही बजेटबाट वडा नं.१, २, ४, ६, ८ र ९ मा गरी २५ कट्ठा क्षेत्रफलमा प्रयोगात्मक खेती गरिएको हो । जसमध्ये वडा नं. ६ र १ मा राम्रो उत्पादन देखिएको छ भने अन्य स्थानमा असिना-पानीले क्षति गरेको छ ।

# पदमार्ग विकासमा प्रदेशको जोड

**दमक**/ पदमार्गमा आधारित पर्यटन विकासलाई प्राथमिकता दिँदै पूर्वाधार निर्माणको कामलाई गति दिने क्रम बढेको छ । कोशी प्रदेश सरकारले 'पदमार्गमा आधारित पर्यटन विकास परियोजना (टीटीडीपी)' मार्फत रणनीतिक पूर्वाधार निर्माणमा जोड दिएको हो । कोशी प्रदेश पर्यटन, वन तथा वातावरण मन्त्रालयमार्फत प्रदेशका ८ जिल्लाका २९ स्थानीय तहमा यो परियोजना सञ्चालन भइरहेको छ ।

कोशी प्रदेशका पर्यटन, वन तथा वातावरण मन्त्री भीम पराजुलीका अनुसार यस परियोजनाअन्तर्गत अहिले चियाबारी, फाल्गुनन्द, लालीगुराँस र मुन्धुम गरी चारवटा प्रमुख पदमार्ग निर्माण भइरहेका छन् । विशेषगरी मुन्धुम ट्रेललाई केन्द्रमा राखेर पदमार्गमा आधारित पर्यटनको अवधारणा अघि सारिएको हो । मुन्धुम पदमार्गअन्तर्गत १७०.७९ किलोमिटर मार्ग निर्माको लक्ष्य राखिएकोमा आर्थिक वर्ष २०८१/८२ मा १५.१३ किलोमिटर निर्माण सम्पन्न भइसकेको छ ।

मन्त्री पराजुलीले चालू आर्थिक वर्ष २०८२/८३ मा १० करोड ३८ लाख रूपियाँको बजेटमा ५२.७८ किलोमिटर पदमार्ग निर्माण भइरहेको जानकारी दिए । आगामी आर्थिक वर्ष २०८३/८४ का लागि ७५ किलोमिटर पदमार्ग निर्माण गर्न थप १४ करोड रूपैयाँ बराबरको बजेट प्रस्ताव गरेको उनले जनाए ।

पदमार्ग निर्माणसँगै पर्यटन प्रवर्धनका लागि बहुआयामिक योजनाहरु पनि कार्यान्वयनमा छन् । जसअन्तर्गत स्थानीय रैथाने खानाको अध्ययन गरी मेनु प्रकाशन गर्ने, स्थानीय कला-संस्कृतिको अभिलेखीकरण गर्ने र विभिन्न महोत्सवहरु आयोजना गर्ने कार्य भइरहेको मन्त्री पराजुलीले बताएका छन् । कोशी प्रदेशको 'टुरिजम ब्रान्डिङ' र 'मार्केटिङ'का लागि इन् लाइट म्यागजिन, टेलिभिजन कमर्सियल र विभिन्न स्थानमा होर्डिङ बोर्डहरु स्थापना गरिएको मन्त्रालयले जानकारी दिएको छ । पर्यटन प्रवर्धनकै सिलसिलामा यहि चैत २२ गते विभिन्न जिल्लाका खेलाडीहरुको सहभागितामा तेह्रथुममा म्याराथन दौड समेत सम्पन्न भएको छ ।

पछिल्लो समय नेपालमा पदयात्रा (ट्रेकिङ) तर्फ आन्तरिक पर्यटकहरुको आकर्षण निकै बढेको छ । पदमार्गमा आधारित पर्यटनले पूर्वाधार विकासमा योगदान पुर्‍याउनुका साथै ग्रामीण अर्थतन्त्रमा समेत योगदान गर्ने भएकाले सरकारले त्यसतर्फ विशेष जोड दिएको हो । पदमार्ग आसपासका स्थानीयले घरबास ( होमस्टे) सञ्चालन गरी आयआर्जन गर्न सक्छन् भने आ ना रैथाने कृषि उपज र हस्तकलाका सामग्रीलाई पर्यटकीय वस्तुका रुपमा बिक्री गरी आम्दानी बढाउन सक्ने सरकारको विश्वास छ । मुन्धुम जस्ता ऐतिहासिक र सांस्कृतिक महत्वका ट्रेलहरुले कोशी प्रदेशको पहिचानलाई विश्वमाझ चिनाउने, स्थानीयलाई गाइड, भरिया र साना उद्यमीका रुपमा प्रत्यक्ष रोजगारी समेत सिर्जना गर्ने भएकोले सरकारले यसमा लगानी बढाइरहेको जनाईएको छ ।

# टेम्केमैयुङ्मा प्रशासनिक भवन

**भोजपुर**/ भोजपुरको टेम्केमैयुङ गाउँपालिकाको नयाँ प्रशासनिक भवन निर्माण प्रकृया अघि बढेको छ । भवन सङ्घीय सरकारको ६० प्रतिशत र गाउँपालिकाको ४० प्रतिशत लागत साझेदारीमा भवन निर्माण हुन लागेको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत अदित दाहालले जानकारी दिए । उनका अनुसार २०८४ साल असोज २० गतेभित्र निर्माण सम्पन्न गर्ने लक्ष्यसहित रु पाँच करोड ७१ लाखमा ठेक्का सम्झौता गरिएको छ ।

भवनको शिलान्यास गर्दै गाउँपालिका अध्यक्ष सरोज बस्नेतले लामो प्रयासपछि प्रशासनिक भवन निर्माण प्रक्रिया सुरू हुनु गाउँपालिकाका लागि महत्वपूर्ण उपलब्धि भएको बताए ।

व्यवस्थित भवन अभावका कारण गाउँपालिकाले कच्ची संरचना तथा भाडाका घरबाट सेवा सञ्चालन गर्दै आएको उनको भनाइ छ । उनले भवन निर्माणका लागि निःशुल्क तथा सहुलियत दरमा जग्गा उपलब्ध गराउने स्थानीयवासीप्रति आभार व्यक्त गर्दै उनीहरूको सहयोगले विकास निर्माणमा सकारात्मक ऊर्जा थपिएको उल्लेख बताए । गाउँपालिका उपाध्यक्ष रमादेवी राईले भवन अभावका कारण स्थानीय सरकारले सेवा प्रवाहमा भोग्दै आएको समस्या अन्त्य गर्न प्रशासनिक भवन निर्माणले महत्वपूर्ण भूमिका खेल्ने बताईन् ।

अत्याधुनिक प्रविधिद्वारा उत्पादित
नयाँ झापाली इटा बजारमा
झापाली इटा
झापाली इटा
ठूलो साइजको ईंटा उपलब्ध छ ।
सम्पर्कका लागि:
भगवान बस्नेत : ९८५२६७००३१
उद्योग सम्पर्क : ९८०१४०१४४२

# शैक्षिक सुधारमा सरकारका कार्यक्रम

**दमक**/ सरकारले आगामी शैक्षिक सत्रदेखि कक्षा ५ सम्मका विधार्थीहरूलाई आन्तरिक परीक्षा नलिने भएको छ। शनिबार मन्त्रीपरिषदको बैठकले परित गरि लागुभएको सरकारको शासकीय सुधार सम्बन्धी एक सय कार्यसूचीमा परिक्षा लिने कार्य आगामी शैक्षिक सत्रदेखि बन्द गर्ने भन्दै परीक्षाले साना विद्यार्थीहरुलाई मनोवैज्ञानिक असर र दबाब परेको र यस्तो दबाब नपर्नेखालको मूल्यांकन प्रणालीबारे विकल्प तयार गर्ने उल्लेख गरिएको छ ।

त्यसैगरी सरकारले पारित गरेको कार्यसूचीमा विद्यार्थीहरूलाई स्नातकसम्मको अध्ययन गर्न नागरिकता नचाहिने गरी विश्व विद्यालयहरूले आवश्यक कार्यविधिगत व्यवस्था तत्कालै गर्ने, शिक्षा क्षेत्रमा दलीय हस्तक्षेपका कारण विद्यार्थीको वास्तविक आवाज नसमेटिने भएकाले शैक्षिक गुणस्तर गिरावटको समस्या समाधान गर्न ६० दिनभित्र विद्यालय विश्वविद्यालय हाताबाट दलीय विधार्थी सङ्गठनका संरचना हटाई ९० दिनभित्र विद्यार्थी काउन्सिलको विकास गर्ने उल्लेख छ ।

विश्विद्यालयहरूबाट लिइने स्नातक र स्नातकोत्तर परीक्षाको नतिजा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले उपलब्ध गराएको क्यालेन्डर अनुसार निकाल्ने व्यवस्था गरिने,शिक्षकको सिटरोल दर्ता तथा अवकाशपश्चातका सेवा सुविधा व्यवस्थापन आगामी आर्थिक वर्षदेखि प्रदेशको शिक्षा हेर्ने मन्त्रालयबाटै गर्ने व्यवस्था पनि मिलाउने सरकारको कार्यसूचीमा रहेको छ ।

देशमा रोजगारी सिर्जना, सिप विकास तथा उद्यमशीलता प्रवर्धनलाई एकीकृत रूपमा सुदृढ गर्न शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गतको प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (CTEVT), श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय अन्तर्गतको व्यावसायिक तथा सिप विकास तालिम प्रतिष्ठान तथा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तर्गतको औधोगिक व्यवसाय विकास प्रतिष्ठानलगायत संस्थाहरूले संयुक्त रूपमा कार्य गर्ने गरी रोजगार सेवा केन्द्रहरूलाई ६० दिनभित्र रोजगार, सिप तथा उद्यमशीलता केन्द्र का रूपमा रूपान्तरण गर्ने भनिएको छ ।

सो केन्द्रले रोजगार विहीनहरूको दर्ता र सार्वजनिक रोजगार कार्यक्रमका अतिरिक्त स्थानीय सिप तथा सोको माग नक्साङ्कन, तालिम समन्वय, उद्यमशीलता सहजीकरण तथा वैदेशिक रोजगारीबाट फर्किएका श्रमिकहरूको पुनः एकीकरण सम्बन्धी कार्यहरू सञ्चालन गर्नेछ ।

त्यस्तै स्थानीय तहलाई उक्त केन्द्रको प्रभावकारी परिचालन गर्न न्यूनतम बजेट विनियोजन एवं वार्षिक सिप विकास योजना समावेश गरी कार्यसम्पादनमा जवाफदेहिता सुनिश्चित गर्न अनुरोध गर्ने र उक्त व्यवस्था कार्यान्वयनका लागि आवश्यक डिजिटल प्रणाली, मापदण्ड तथा कार्यविधि तत्काल निर्माण गरी लागु गर्ने कार्यनीति सरकारको छ ।

## सुनपकुवा स्वावलम्बी बचत तथा ऋण सहकारी संस्था लि.

उर्लाबारी-३,मोरङको

## ऋणीहरूलाई ऋण चुक्ता गर्न आउने बारे ३५ दिने सार्वजनिक सूचना

*प्रथम पटक प्रकाशित मिति २०८२/१२/२५*

यस संस्थाबाट तपसिलमा उल्लेखित ऋणीहरुले उत्पादनमूलक र घरकाज ऋण शिर्षक अन्तर्गत लिएको ऋण सुविधाको साँवा, व्याज तथा हर्जना यस संस्था संग गरेको शर्त कबुलियत बमोजिम समय समयमा तिर्न बुझाउन पर्नेमा सो नबुझाएको हुँदा ऋण चुक्ता गर्ने सम्बन्धमा पटक पटक मौखिक, टेलिफोन, घरदैलो तथा पत्रचार मार्फत तरताकेता गर्दा समेत सोको बेवास्ता गरी संस्थामा तिर्न बुझाउनु पर्ने रकम नतिरी नबुझाई संस्था संगको सर्त बन्देज उल्लघंन गरेकोले ऋण चुक्ता गर्नको लागि यो ३५ दिने सुचना प्रकाशित गरिएको छ ।

यो सुचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस संस्थामा सम्पर्क राखी संस्थाबाट लिएको ऋणको सम्पुर्ण सांवा, व्याज, हर्जना तथा अन्य दस्तुर भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन, कानुन, सहकारी नियमावली, संस्थाको संस्था संचालन कार्यबिधि २०६१(चौथो संसोधन २०८०) तथा संस्थासंग गरेको लिखत बमोजिम धितोमा रहेको चल-अचल सम्पति विक्री गरी वा अन्य कुनै व्यवस्था गरी संस्थाको आफ्नो लेना रकम असुल उपर गरिने व्यहोरा यसै सुचनाद्वारा जानकारी गराइन्छ ।

### तपशील

| क्रस | ऋणीको विवरण | धितो जमानीको विवरण | धितोको विवरण |
|---|---|---|---|
| १ | **नाम** : धनमाया श्रेष्ठ<br>**बुवाको नाम** : पदम बहादुर श्रेष्ठ<br>**पतीको नाम** : विशाल खड्का<br>**ठेगाना** : उर्लाबारी-१, मिलन चौक<br>**सदस्यता नं.** : २२९३<br>**ना.प्र.नं.** : १२०११(मोरङ) | **नाम** : धनमाया श्रेष्ठ<br>**बुवाको नाम** : पदम बहादुर श्रेष्ठ<br>**पतीको नाम** : विशाल खड्का<br>**ठेगाना** : उर्लाबारी-१, मिलन चौक<br>**ना.प्र.नं.** : १२०११(मोरङ)<br>जारी मिति : **२०५५।०२।०६** | **साविक**<br>**जिल्लाः** मोरङ<br>**गा.वि.स.**: मधुमल्ला<br>**वडा नं.** : ८/क<br>**कित्ता नं.** : १६४९<br>**क्षेत्रफल** : ०-०-१४-२ |
| २ | **नाम** : सोमा दर्जी<br>**बुवाको नाम** : विर बहादुर दर्जी<br>**पतीको नाम** : लक्ष्मी दर्जी<br>**ठेगाना** : उर्लाबारी-१,<br>**सदस्यता नं.** : ३५६७<br>**ना.प्र.नं.** : **०५२०४३/२५०४२(मोरङ)** | **नाम** : सोमा दर्जी<br>**बुवाको नाम** : विर बहादुर दर्जी<br>**पतीको नाम** : लक्ष्मी दर्जी<br>**ठेगाना** : उर्लाबारी-१,<br>**ना.प्र.नं.** : **०५२०४३/२५०४२(मोरङ)**<br>जारी मिति : **२०६९।११।२०** | **साविक**<br>**जिल्लाः** मोरङ<br>**गा.वि.स.**: मधुमल्ला<br>**वडा नं.** : ५/ख<br>**कित्ता नं.** : २००४<br>**क्षेत्रफल** : ०-२-२-३ |
| ३ | **नाम** : मनकुमारी मगर श्रेष्ठ<br>**बुवाको नाम** : ईन्द्र बहादुर श्रेष्ठ<br>**पतीको नाम** : लाल बहादुर मगर<br>**ठेगाना** : उर्लाबारी-१,<br>**सदस्यता नं.** : २२५७<br>**ना.प्र.नं.** : ८३९/२८३०(मोरङ) | **नाम** : मनकुमारी मगर श्रेष्ठ<br>**बुवाको नाम** : ईन्द्र बहादुर श्रेष्ठ<br>**पतीको नाम** : लाल बहादुर मगर<br>**ठेगाना** : उर्लाबारी-१,<br>**ना.प्र.नं.** : ८३९/२८३०(मोरङ)<br>जारी मिति : **२०४१।०२।२९** | **साविक**<br>**जिल्लाः** मोरङ<br>**गा.वि.स.**: मधुमल्ला<br>**वडा नं.** : ८/क<br>**कित्तानं.**: ७४३,१३७२<br>**क्षेत्रफल** : ०-५-०-०<br>**क्षेत्रफल** : ०-०-१६-० |
| ४ | **नाम** : रोस्मा धिमाल<br>**बुवाको नाम** : छात्र बहादुर धिमाल<br>**पतीको नाम** : कृष्ण बहादुर धिमाल<br>**ठेगाना** : उर्लाबारी-४, किशान चौक<br>**सदस्यता नं.** : २१६<br>**ना.प्र.नं.** : ०५२००६/१०४६(मोरङ) | **नाम** : रोस्मा धिमाल<br>**बुवाको नाम** : छात्र बहादुर धिमाल<br>**पतीको नाम** : कृष्ण बहादुर धिमाल<br>**ठेगाना** : उर्लाबारी-४, किशान चौक<br>**ना.प्र.नं.** : ०५२००६/१०४६(मोरङ)<br>जारी मिति : **२०६५।०८।०५** | **साविक**<br>**जिल्लाः** मोरङ<br>**गा.वि.स.**: मधुमल्ला<br>**वडा नं.** : ९/घ<br>**कित्ता नं.** : १२६९<br>**क्षेत्रफल** : ०-१-०-० |
| ५ | **नाम** : टिकादेवी ढुङ्गाना<br>**बुवाको नाम** : भानुभक्त गौतम<br>**पतीको नाम** : कृष्णभक्त ढुङ्गाना<br>**ठेगाना** : उर्लाबारी-४,<br>**सदस्यता नं.** : २१७<br>**ना.प्र.नं.** : १४९(तेह्रथुम) | **नाम** : टिकादेवी ढुङ्गाना<br>**बुवाको नाम** : भानुभक्त गौतम<br>**पतीको नाम** : कृष्णभक्त ढुङ्गाना<br>**ठेगाना** : उर्लाबारी-४,<br>**ना.प्र.नं.** : १४९(तेह्रथुम)<br>जारी मिति : **२०४४।१०।२६** | **साविक**<br>**जिल्लाः** मोरङ<br>**गा.वि.स.**: मधुमल्ला<br>**वडा नं.** : ९/घ<br>**कित्ता नं.** : ६९२<br>**क्षेत्रफल** : ०-१-०-० |
| ६ | **नाम** : सजना राई<br>**बुवाको नाम** : काली बहादुर लिम्बु<br>**पतीको नाम** : शंकर राई<br>**ठेगाना** : उर्लाबारी-२,<br>**सदस्यता नं.** : ६२४<br>**ना.प्र.नं.** : ०५२००६/२०६१९(मोरङ)<br>जारी मिति : **२०६९।०३।१७** | **नाम** : शंकर राई<br>**बुवाको नाम** : बल बहादुर राई<br>**बाजेको नाम** : रविलाल राई<br>**ठेगाना** : उर्लाबारी-२,<br>**ना.प्र.नं.** : १०११३/३५८७ (मोरङ)<br>जारी मिति : **२०५४।०५।१९** | **साविक**<br>**जिल्लाः** मोरङ<br>**गा.वि.स.**: लेटाङ<br>**वडा नं.** : ७/क<br>**कित्ता नं.** : २१९,५४६<br>**क्षेत्रफल** : ०-१-२-०<br>**क्षेत्रफल** : ०-७-१०-० |

सुनपकुवा स्वावलम्बी बचत तथा ऋण सहकारी संस्था लि.
Sunpakuwa Swavalambi Saving & Credit Co-operative Society Limited

उर्लाबारी-३,मोरङ
(फोन नं.०२१-४१००६२/४१००३२)

## दैनिक राशिफल

आज मिति
२०८२ साल
चैत्र २५ गते
बुधबार
8 April 2026
तिथि: षष्ठी



**ज्यो. लक्ष्मी प्र. ढकाल**
ठेगाना : क्याम्पस मोड, सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि:
९८६७३१०८८२/९८१७००५१६५

| राशि | अक्षर | फल |
|---|---|---|
| मेष | चु चे लो ला लि लँ ले लो अ | धन लाभ । मनमा अशान्ति । भाईबहिनीसँग विवाद । |
| वृष | इ उ ए ओ वा वि वु वे वो | पुरुषार्थद्वारा आयमा वृद्धि । मनमा अशान्ति । |
| मिथुन | का कि कु घ ङ छ के को हा | धर्म, कर्ममा खर्च । परिवारको सहयोगले धनलाभ । |
| कर्कट | हि हु हे हो डा डि डु डे डो | लेनदेनबाट लाभ । बोलीले मान्यसँग विवाद । |
| सिंह | मा मि मु मे मो टा टि टु टे | बोलीले शत्रु बढ्ने । कार्यमा सफल । धन लाभ । |
| कन्या | टो प पी पँ ष ण ठ पे पो | कर्मचारी र मित्रसँग विवाद । पराक्रम बढ्ने, आयमा वृद्धि । |
| तुला | रा री रु रे रो ता ती तु ते | मान्यजनबाट दुःख, विवाद बढ्ने । अकस्मात धन लाभ । |
| वृश्चिक | तो ना नि नँ ने नो या यि यु | उत्तम भोजन, धन लाभ । भाईबहिनीसँग विवाद । |
| धनु | य यो भा भी भ धा फा ढ भे | पराक्रमले धनलाभ । सन्तान र वाहनमा केही समस्या । |
| मकर | भो जा जी खि खू खे खो गा गी | व्यवसायबाट लाभ । पिताजीमा कष्ट । |
| कुम्भ | गँ गे गो सा सी सँ से सो द | मनमा अशान्ति, प्रेमिकासँग विवाद । रोजगारीबाट धन लाभ । |
| मीन | दि दु थ झ ञ दे दो चा ची | असल कार्यबाट धन लाभ । आफन्तसँग विवाद । |

# पूर्वी नाकामा पर्यटक र बिरामी तानातान गर्ने कार्य बन्द

**दमक**/ पूर्वी नाका झापाको काँकरभिट्टा भएर नेपाल प्रवेश गर्ने पर्यटक तथा बिरामी यात्रीलाई तानातान गर्ने कार्य रोकिएको छ । भारतका विभिन्न स्थानबाट आँखाको उपचार तथा अन्य विभिन्न प्रयोजनका लागि आएका यात्रीलाई बसपार्क तथा बजार क्षेत्रमा तानातान गरी दुर्व्यवहार हुने गरेको गुनासोपछि प्रहरीले कडाइ गरेको हो ।

जिल्ला प्रहरी कार्यालय झापाका प्रवक्ता खगेन्द्रबहादुर खड्काका अनुसार सीमा नाका काँकरभिट्टामा यात्रीलाई तानातान गरी दुःख दिने २४ जनालाई नियन्त्रणमा लिएर सम्झाइबुझाइ गरिएको छ । पुनः यस्तो कार्य दोहोर्‍याएमा आवश्यक कानुनी कारबाही गरिने प्रहरीले जनाएको छ ।

मेची भन्सार कार्यालय, बसपार्क तथा बजार क्षेत्रमा बिहानैदेखि होटल तथा आँखा अस्पतालमा लैजान जबरजस्ती गर्ने, धार्मिक स्थल लगायत विभिन्न ठाउँमा सम्पर्क गराइदिने भन्दै झुक्याएर हैरानी दिने गतिविधि बढेपछि प्रहरीको विशेष टोली परिचालन गरिएको थियो । प्रहरीको यो सक्रियतापछि नाकामा हुने अस्तव्यस्तता र यात्रीको सुरक्षामा सुधार आउने अपेक्षा गरिएको छ ।

***पेट्रोलियम*.....** *जानकारी दिइन्। मन्त्रिपरिषद् बैठकका निर्णयबारे जानकारी दिँदै मन्त्री रावलले भनिन्, 'आवश्यक परेमा सरकारले जोरबिजोर प्रणाली लागू गर्नेछ ।*

*'सरकारले इन्धनको खपतमा मितव्ययिता अपनाउन नागरिकलाई आग्रह गरेको छ ।*

***राष्ट्रिय*.....** राखेका जिज्ञासाको जवाफ दिने क्रममा पुनले तत्कालीन प्रधानमन्त्री ओली र तत्कालीन गृहमन्त्री रमेश लेखकले सो घटनामा गोली हान्ने आदेश नदिएको भए पनि सरकारको प्रमुख व्यक्ति भएको नाताले गल्ती गरिएछ भन्ने स्वीकार गरेर माफी माग्न हिच्किच्याउन नहुने बताएका हुन् ।

***६ देशका*......**
सरकारले ११ देशका राजदूतहरूलाई गत कात्तिकमै फिर्ता बोलाएको थियो । बाँकी ६ जनालाई बालेन शाह नेतृत्वको वर्तमान सरकारले फिर्ता बोलाएको हो ।

***मन्त्रीहरुको*......**
वरीयता ३ नम्बरमा थियो । यसैगरी अर्थमन्त्री स्वर्णिम वाग्लेको वरीयता २ नम्बर नै कायम छ भने यसअघि ४ नम्बरमा वरीयता भएका परराष्ट्रमन्त्री शिशिर खनालको वरीयता अहिले ३ नम्बर कायम गरिएको छ। यस्तै ४ नम्बर वरीयतामा राखिएका भौतिक पूर्वाधार मन्त्री सुनिल लम्सालको वरीयता अहिले ६ नम्बरमा रहेको छ भने यसअघि ६ नम्बरको वरीयता रहेका ऊर्जामन्त्री विराजभक्त श्रेष्ठको अहिले ४ नम्बर कायम रहेको छ ।

यस्तै यसअघि ७ नम्बरमा रहेका पर्यटनमन्त्री खडक राज पौडेलको वरीयता अहिले १२ नम्बर पुगेको छ भने शिक्षा सस्मित पोखरेलको ८ नम्बरको वरीयता अहिले ११ नम्बर कायम गरिएको छ ।

यस्तै ९ नम्बरमा रहेकी स्वास्थ्यमन्त्री निशा मेहताको १० नम्बर, १० नम्बरमा रहेका डा विक्रम तिमल्सिनाको वरीयता अहिले १३ नम्बर कायम गरिएको छ । यसैगरी यसअघि ११ नम्बरमा रहेकी संघीय मामिला मन्त्री प्रतिभा रावलको अहिले ९ नम्बर, १२ नम्बरमा रहेकी कानुनमन्त्री सोविता गौतमको अहिले ७ नम्बर, १३ नम्बरमा रहेकी कृषि मन्त्री गीता चौधरीको अहिले १४ नम्बर, १४ नम्बरमा रहेका श्रममन्त्री दीपक साहको अहिले पुछारमा वरीयता रहेको छ। यस्तै यसअघि अन्तिममा वरीयता रहेकी महिलामन्त्री सीता वादीको वरीयता ८ नम्बर कायम भएको छ ।

***दुर्घटनामा*.....**
नम्बर प्लेटसमेत नदेखिने अवस्थामा रहेको प्रहरीले जनाएको छ । मृतक तथा घाइतेहरु एसईई परीक्षा दिएर फर्किरहेका विद्यार्थी रहेको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ । घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

## ताप्लेजुङमा एक वर्षमा ४ सयको शल्यक्रिया

**ताप्लेजुङ/** जिल्ला अस्पताल ताप्लेजुङमा एक वर्षमा करिब चार सय जनाको शल्यक्रिया गरिएको छ । यस अवधिमा उपचारका लागि आएका व्यक्तिको सामान्यदेखि जटिल शल्यक्रिया गरिएको छ । पहिले गर्भवतीको मात्र शल्यक्रिया हुँदै आएको थियो । २०८१ फागुनमा सर्जन चिकित्सक प्रनाम जयरू आएदेखि जटिल प्रकारका शल्यक्रिया गर्न थालिएको अस्पतालले जनाएको छ ।

जिल्ला अस्पतालका अनुसार एक वर्षमा ३ सय ९३ जनाको शल्यक्रिया गरिएको छ । जसमा मेजर १ सय ६५, मध्यमखालका १ सय १८ र सामान्य १ सय १० जनाको शल्यक्रिया भएको छ । मेजर अपरेसनमा एपेन्डिक्स, हर्निया, हाइड्रोसिल, मल्टिपल इन्जुरीलगायत हुन्छन् । यसअघि यस्ता शल्यक्रिया गर्न यहाँबाट झापा, मोरङ, सुनसरीलगायत तराईका जिल्ला जानुपर्ने बाध्यता थियो । कतिपय सरसापट गरेर भए पनि संघीय राजधानी काठमाडौं पुग्ने गरेका थिए ।

अस्पतालमा मेजर अपरेसनका लागि बिरामीको अवस्था हेरी १० हजार देखि २० हजार रूपैयाँसम्म खर्च लाग्छ । यीबाहेक आर्थिक अवस्था सामान्य भएका, तत्काल शल्यक्रिया गर्नैपर्ने तर शुल्क तिर्न नसक्ने २० जनाको पनि निःशुल्क शल्यक्रिया गरिएको अस्पतालका प्रमुख चिकित्सक जयरूले जानकारी दिए । उनका अनुसार निःशुल्क शल्यक्रिया गरिएका व्यक्तिको संख्या ३ सय ९३ भन्दा बाहिरको हो ।

## खेल्ने क्रममा खोलामा डुबेर बालकको मृत्यु

**इटहरी/** खेल्ने क्रममा खोलामा डुबेर सोमबार सुनसरीको रामधुनी नगरपालिका-३ स्थित चाइनिज क्वार्टरनजिकै एक जना बालकको मृत्यु भएको छ । यसरी मृत्यु हुनेमा भोला भनिने देवादिन मियाँको छोरा ३ वर्षीय छोरा आर्यन खान रहेको जिल्ला व्रहरी कार्यालय सुनसरीले जनाएको छ । सुनसरी प्रहरीका प्रवक्ता डीएसपी चन्द्रबहादुर खड्काका अनुसार झरना खोलाको किनारमा खेल्ने क्रममा अचानक लडेर बालक खोलामा डुबेका थिए । बालकको खोलामा डुवेर मृत्युभएको प्रारम्भिक अनुसन्धानबाट खुलेको प्रहरीले जनाएकोछ ।


**आवश्यकता**

यस लाईफ लाईन अस्पताल प्रा.लि. दमक-५, झापाको प्राङ्गणमा रहेको चमेनागृह संचालन गर्नको लागी ईच्छुक व्यक्ति/फर्म तथा संस्थाहरुले तपशिलमा उल्लेख कागजात सहित मिति २०८२ चैत्र मसान्त भित्र अस्पतालको प्रशासन शाखामा निबेदन दिनु हुन अनुरोध गरिन्छ ।

**तपशिल संलग्न गर्नुपर्ने कागजातहरु**
१. व्यक्ति/फर्म वा संस्थाको स्थायी लेखा नम्बर ।
२. व्यक्ति/फर्म वा संस्थाको नागरिकता, दर्ता कागजातहरु
३. क्यान्टिन प्रयोग गरे वापत व्यक्ति/फर्म वा संस्थाले कबुल गरेको मासिक भाडा दर रकम खुलाउनु पर्नेछ ।

**लाईफ लाईन अस्पताल प्रा.लि.**
दमक-५, (झापा)



ठूलो ट्याङ्कीमा कम्प्रेसर प्रविधियुक्त
**झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**
दमक : देवीप्रसाद सिटौला (९८४२७६०२६५/९८२४९७९१९५)
बिर्तामोड: राजकुमार श्रेष्ठ ९८०६०१०४१०




## अन्तर्राष्ट्रिय

### आर्टिमिस-२ मिसनको किर्तिमान

**एजेन्सी**/ अमेरिकी अन्तरिक्ष संस्था नासाको आर्टिमिस-२ मिसन अन्तर्गत ४ जना अन्तरिक्ष यात्रीहरूले मानव इतिहासमै सबैभन्दा टाढा पुग्ने कीर्तिमान कायम गरेका छन् ।

यो टोलीले पृथ्वीबाट झण्डै ४ लाख ६ हजार ७७१ किलोमिटर टाढा पुग्दै यसअघिको मानव अन्तरिक्ष यात्राको दूरीको कीर्तिमान तोडेको बीबीसीले जनाएको छ। यसअघि सन १९७० मा अपोलो १३ मिशनले झण्डै ४ लाख किलोमिटर यात्राको कीर्तिमान बनाएको थियो । आर्टिमिस-२ चन्द्रमाको पछाडिबाट यात्रा गर्दा आज बिहान झण्डै ४० मिनेटसम्म पृथ्वीसँग सम्पर्क विच्छेद भएको थियो, जुन पूर्वनिर्धारित थियो । त्यसपछि अन्तरिक्षयान पुनः सम्पर्कमा आयो । यस क्रममा यात्रीहरुले अन्तरिक्षबाट दुर्लभ पूर्ण सूर्यग्रहण समेत अवलोकन गरेका छन्, जसलाई उनीहरूले "शब्दमा व्यक्त गर्न कठिन" अनुभव भएको बताएका छन् ।

यो यानले चन्द्रमामा अवतरण नगरी यसको पछाडिबाट परिक्रमा गर्दै पृथ्वीमा फर्किने क्रममा विभिन्न वैज्ञानिक अवलोकनहरू गरेको छ । मिसनको उद्देश्य भविष्यमा चन्द्रमामा मानव अवतरणका लागि आवश्यक प्रविधि परीक्षण गर्नुका साथै नयाँ पुस्तालाई अझ ठूलो उपलब्धी हासिल गर्न प्रेरित गर्नु रहेको नासाले जनाएको छ । आर्टिमिस-२ आउँदो शुक्रबार पृथ्वीमा अवतरण हुनेछ ।

***सरकार*.....** कोशी प्रदेश सल्लाहकार एलडी राईले पनि विद्यालयले साविक अनुसारनै पाठ्य योजना बनाएकाले परिमार्जन गर्नु पर्ने देखिएको बताएका छन् । 'हुन त यो नियम वर्ष भरिनै लागु गर्ने कि अल्पकाल हो तर वर्ष भरिनै लागु गर्ने हो भने त सरकारले थप केहि भन्नु पर्ने देखिन्छ' उनले भने, 'कि त कोर्षभारनै केहि कम गर्नु पर्ने हुन्छ, अन्य विदाहरू सवै कटौती पनि गर्न गाह्रो पर्ला । केहि न केहि विकल्प त खोज्नु पर्ने देखिएको छ ।' लामो समय शैक्षिक क्षेत्रमा अनुभव लिएकाहरूले पनि साताको दुई दिन विदा र शैक्षिक शत्र धकेलिए पछि शैक्षिक क्यालेन्डरमा प्रभाव पर्ने बताएका छन् । लामो समय श्रोत व्यक्ति र ढुकुरपानी माविको प्रधानाध्यापक भएका कृष्णप्रसाद भण्डारी वर्ष भरि आईतबार समेत विदा दिने हो भने पाठ्यक्रमका केहि अंश घटाउनु पर्ने स्थिति बनेको बताउँछन् । अतिरिक्त कृयाकलाप कुनै नगर्ने कुरा पनि विद्यार्थीका लागि घातक हुने भन्दै भन्दै बाँकि सवै विदा, विद्यालयमा हुने अतिरिक्त क्रियाकलाप कटौती जस्ता कुरालाई मात्र विकल्प मान्न नहुने उनको भनाई छ ।

साताामा दुई दिन विदाको व्यवस्थाले शैक्षिक क्षेत्रमा भने सहजता भन्दा असहजता बढि ल्याउने उनीहरूको भनाई छ । पेट्रोलियम पदार्थमा देखिएको समस्याका कारण केहि समयका लागि मात्रै यो व्यवस्था हो भने आतिन नपर्ने तर वर्ष भरिनै यहि नियम लगाउने हो भने केहि न केहि विकल्प खोजिनु पर्नेमा उनीहरूले जोड दिएका छन् ।

### सच्याइएको

*यही मिति २०८२ चैत्र २४ गते पूर्वसन्देश दैनिकमा कृषि विकास बैंक लिमिटेड प्रदेश कार्यालय बिराटनगर अन्तर्गत शाखा कार्यालय दमक झापाको भाखा नाघेको कर्जा बुझाउने २१ दिने सूचनामा केही शब्दमा त्रुटी देखिएकाले सच्याइएको छ ।*
*सि.नं. ८ नम्बर ग्राहक रञ्जना श्रेष्ठ पिता/पिताको खानामा र धितो मञ्जुरी नामा दिने खानामा हिल्लीहाङ तुम्बापो हुनुपर्नेमा अन्यथा भएको तथा बाजे ससुरा हुनुपर्ने खानामा बाबु ससुरा भएकाले सच्याएको छ । सं.*


**गंगा ट्राभल्स एण्ड टुर्स**

**हाम्रा सेवाहरु:**
- राष्ट्रिय तथा अन्तराष्ट्रिय सस्तोमा हवाई टिकट
- भारतका लागि रेल, बसको टिकट
- बैदेशिक रोजगारीको लागि श्रम स्वीकृति
- टुर प्याकेज तथा मनि ट्रान्सफर(IME)को सुविधा

Pre-Purchased fare"Ktm to Doha, Dubai, Kuwait "UAE Visit Visa available
Are you going to India ?
Special Pre Purchase fare for India
Indigo, Spice Jet, Air Asia, Vistara, Akasa air

बागडोगराबाट दिल्ली, कोलकाता, मुम्बई, अहमदाबाद,

बागडोगरा

**गंगा ट्राभल्स एण्ड टुर्स**
दमक-५, बेलडाँगी रोड, डिम्याक्स् सिनेमा अगाडी, ओम शान्ति डेन्टल हस्पिटलसँगै फोन:०२३-५७५३११/९८४२६४५१३६/९८१४९८५७२०



**मनकामना डेन्टल केयर**
विशेष अफरका साथ

यहाँ आधुनिक प्रविधिबाट दाँत र मुख सम्बन्धी सम्पूर्ण उपचार विशेष छुटका साथ गरिन्छ ।





**Dr. Nabin Kant Chaudhary**
Consultant Oral & Dental Surgeon
BDS Bangladesh (RU) NMC No.: 19332
दमक-६, थानारोड (झापा)
Call : 9819041615/9810315415



## सुनपकुवा स्वावलम्बी बचत तथा ऋण सहकारी संस्था लि.
उर्लाबारी-३,मोरङको

### ऋणीहरुलाई ऋण चुक्ता गर्न आउने बारे ७ दिने सार्वजनिक सूचना

*तेस्रो पटक प्रकाशित मिति २०८२/१२/२५*

यस संस्थाबाट तपसिलमा उल्लेखित ऋणीहरुले उत्पादनमूलक र घरकाज ऋण शिर्षक अन्तर्गत लिएको ऋण सुविधाको साँवा, व्याज तथा हर्जना यस संस्थासंग गरेको शर्त कबुलियत बमोजिम समय समयमा तिर्न बुझाउन पर्नेमा सो नबुझाएको हुँदा ऋण चुक्ता गर्ने सम्बन्धमा पटक पटक मौखिक,टेलिफोन,घरदैलो तथा पत्रचार मार्फत तरताकेता गर्दा समेत सोको बेवास्ता गरी संस्थामा तिर्न बुझाउनु पर्ने रकम नतिरी नबुझाई संस्था संगको सर्त बन्देज उल्लघंन गरेकोले ऋण चुक्ता गर्नको लागि यो ७ दिने सुचना प्रकाशित गरिएको छ ।

यो सुचना प्रकाशित भएको मितिले ७ दिन भित्र यस संस्थामा सम्पर्क राखी संस्थाबाट लिएको ऋणको सम्पुर्ण सांवा, व्याज, हर्जना तथा अन्य दस्तुर भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन, कानुन, सहकारी नियमावली, संस्थाको संस्था संचालन कार्यबिधि २०६१(चौथो संसोधन २०८०) तथा संस्थासंग गरेको लिखत बमोजिम धितोमा रहेको चल-अचल सम्पति विक्री गरी वा अन्य कुनै व्यवस्था गरी संस्थाको आफ्नो लेना रकम असुल उपर गरिने व्यहोरा यसै सुचनाद्वारा जानकारी गराइन्छ ।

**तपशील**

| क्रस | ऋणीको विवरण | धितो जमानीको विवरण | धितोको विवरण |
|---|---|---|---|
| १ | **नाम** : युवराज गौतम<br>**बुवाको नाम** : भुवानी प्रसाद गौतम<br>**बाजेको नाम** : अनन्त नारायण गौतम<br>**ठेगाना** : उर्लाबारी-४,<br>**सदस्यता नं.** : १५९<br>**ना.प्र.नं.** : **४५८३(तेह्रथुम)** | **नाम** : युवराज गौतम<br>**बुवाको नाम** : भुवानी प्रसाद गौतम<br>**बाजेको नाम** : अनन्त नारायण गौतम<br>**ठेगाना** : उर्लाबारी-४,<br>**ना.प्र.नं.** : **४५८३(तेह्रथुम)**<br>जारी मिति : **२०४४।०४।०१** | **साविक**<br>**जिल्ला:** मोरङ<br>**गा.वि.स.:** मधुमल्ला<br>**वडा नं.** : ९/ग<br>**कित्ता नं.** : ४०५६<br>**क्षेत्रफल** : ०-०-८-० |
| २ | **नाम** : उदयचन्द्र श्रेष्ठ<br>**बुवाको नाम** : बाबुराम श्रेष्ठ<br>**बाजेको नाम** : खड्ग प्रसाद श्रेष्ठ<br>**ठेगाना** : उर्लाबारी-३,<br>**सदस्यता नं.** : ९६७<br>**ना.प्र.नं.** : ४३९४८/२४२६(ताप्लेजुङ) | **नाम** : उदयचन्द्र श्रेष्ठ<br>**बुवाको नाम** : बाबुराम श्रेष्ठ<br>**बाजेको नाम** : खड्ग प्रसाद श्रेष्ठ<br>**ठेगाना** : उर्लाबारी-३,<br>**ना.प्र.नं.** : ४३९४८/२४२६(ताप्लेजुङ)<br>जारी मिति : **२०५७।०४।११** | **साविक**<br>**जिल्ला:** मोरङ<br>**गा.वि.स.:** मधुमल्ला<br>**वडा नं.** : ८/क<br>**कित्ता नं.:** १६३५,१६४४र १६४३<br>**क्षेत्रफल** : ०-१-२-३, ०-०-१३-० र ०-०-१३-० |
| | | **नाम** : बाबुराम श्रेष्ठ<br>**बुवाको नाम** : खड्ग प्रसाद श्रेष्ठ<br>**बाजेको नाम** : जंगबिर श्रेष्ठ<br>**ठेगाना** : उर्लाबारी-३,<br>**ना.प्र.नं.** : ४०२(झापा)<br>जारी मिति : **२०३३।०२।२०** | **साविक**<br>**जिल्ला:** मोरङ<br>**गा.वि.स.:** मधुमल्ला<br>**वडा नं.** : ८/क<br>**कित्ता नं.:** १६२५,१६३३,१६४० र १६४७<br>**क्षेत्रफल** : ०-०-१०-३, ०-०-१२-३, ०-०-१३-१ र ०-०-१४-३ |
| | | **नाम** : टिकामाया श्रेष्ठ<br>**बुवाको नाम** : गुरुभक्त श्रेष्ठ<br>**पतीको नाम** : बाबुराम श्रेष्ठ<br>**ठेगाना** : उर्लाबारी-३,<br>**ना.प्र.नं.** : २९७/३७०( ताप्लेजुङ )<br>जारी मिति : **२०३६।११।१४** | **साविक**<br>**जिल्ला:** मोरङ<br>**गा.वि.स.:** मधुमल्ला<br>**वडा नं.** : ८/क<br>**कित्ता नं.१६३९**<br>**क्षेत्रफल** : ०-०-१३-० |
| ३ | **नाम** : बर्षा घिमिरे<br>**बुवाको नाम** : दिपक घिमिरे<br>**पतीको नाम** : नवराज सापकोटा<br>**ठेगाना** : उर्लाबारी-२, पुरानो मंगलबारे<br>**सदस्यता नं.** : ३२४८<br>**ना.प्र.नं.** : ०५२०६२/३७७०२(मोरङ)<br>जारी मिति : **२०७१।१०।०५** | **नाम** : गिता सापकोटा<br>**बुवाको नाम** : गौरिनाथ भट्टराई<br>**पतीको नाम** : बेदनाथ सापकोटा<br>**ठेगाना** : उर्लाबारी-२, पुरानो मंगलबारे<br>**ना.प्र.नं.** : ७६३/९६६(मोरङ)<br>जारी मिति : **२०४६।०३।१३** | **साविक**<br>**जिल्ला:** मोरङ<br>**गा.वि.स.:** बयरवन<br>**वडा नं.** : ९/ध<br>**कित्ता नं.** : ७०५<br>**क्षेत्रफल** : ०-०-८-० |
| ४ | **नाम** : भानुभक्त धिमाल<br>**बुवाको नाम** : टेक बहादुर धिमाल<br>**बाजेको नाम** : लक्षुमन धिमाल<br>**ठेगाना** : उर्लाबारी-३,<br>**सदस्यता नं.** : २८४<br>**ना.प्र.नं.** : ६३०/२५३३(मोरङ) | **नाम** : भानुभक्त धिमाल<br>**बुवाको नाम** : टेक बहादुर धिमाल<br>**बाजेको नाम** : लक्षुमन धिमाल<br>**ठेगाना** : उर्लाबारी-३,<br>**ना.प्र.नं.** : ६३०/२५३३(मोरङ)<br>जारी मिति : **२०५६।०६।२१** | **साविक**<br>**जिल्ला:** मोरङ<br>**गा.वि.स.:** मधुमल्ला<br>**वडा नं.** : ९/ग<br>**कित्ता नं.** : ४७१२ र ४७१०<br>**क्षेत्रफल** : ०-०-११-२ र ०-०-१-० |

सुनपकुवा स्वावलम्बी बचत तथा ऋण सहकारी संस्था लि.
Sunpakuwa Swavalambi Saving & Credit Co-operative Society Limited
उर्लाबारी-३,मोरङ
(फोन नं.०२१-४१००६२/४१००३२)



## सुनपकुवा स्वावलम्बी बचत तथा ऋण सहकारी संस्था लि. उर्लाबारी-३,मोरङको

### ऋणीहरुलाई ऋण चुक्ता गर्न आउने बारे १५ दिने सार्वजनिक सूचना

*दोस्रो पटक प्रकाशित मिति २०८२/१२/२५*

यस संस्थाबाट तपसिलमा उल्लेखित ऋणीहरुले उत्पादनमूलक र घरकाज ऋण शिर्षक अन्तर्गत लिएको ऋण सुविधाको साँवा, व्याज तथा हर्जना यस संस्था संग गरेको शर्त कबुलियत बमोजिम समय समयमा तिर्न बुझाउन पर्नेमा सो नबुझाएको हुँदा ऋण चुक्ता गर्ने सम्बन्धमा पटक-पटक मौखिक, टेलिफोन, घरदैलो तथा पत्रचारमार्फत् तरताकेता गर्दा समेत सोको बेवास्ता गरी संस्थामा तिर्न बुझाउनु पर्ने रकम नतिरी नबुझाई संस्था संगको सर्त बन्देज उल्लघंन गरेकोले ऋण चुक्ता गर्नको लागि यो १५ दिने सुचना प्रकाशित गरिएको छ ।

यो सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस संस्थामा सम्पर्क राखी संस्थाबाट लिएको ऋणको सम्पुर्ण सांवा, व्याज, हर्जना तथा अन्य दस्तुर भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन, कानुन, सहकारी नियमावली, संस्थाको संस्था संचालन कार्यबिधि २०६१ (चौथो संसोधन २०८०) तथा संस्थासंग गरेको लिखत बमोजिम धितोमा रहेको चल-अचल सम्पति विक्री गरी वा अन्य कुनै व्यवस्था गरी संस्थाको आफ्नो लेना रकम असुल उपर गरिने व्यहोरा यसै सुचनाद्वारा जानकारी गराइन्छ ।

**तपशील**

| क्रस | ऋणीको विवरण | धितो जमानीको विवरण | धितोको विवरण |
|---|---|---|---|
| १ | **नाम** : बिर बहादुर कामी<br>**बुवाको नाम** : बिष्णु कामी<br>**बाजेको नाम** : शेरबहादुर कामी<br>**ठेगाना** : उर्लाबारी-२, पुरानो मंगलबारे<br>**सदस्यता नं.** : २२२०<br>**ना.प्र.नं.** : ६३२/३२९(भोजपुर)<br>जारी मिति : **२०४४।१०।०४** | **नाम** : सुखिमाया कामी<br>**बुवाको नाम** : गणेश बहादुर बिश्वकर्मा<br>**पतिको नाम** : बिरबहादुर कामी<br>**ठेगाना** : उर्लाबारी-२, पुरानो मंगलबारे<br>**ना.प्र.न १७५१४**(मोरङ)<br>जारी मिति : **२०६२।१२।२१** | **साविक**<br>**जिल्ला:** मोरङ<br>**गा.वि.स.:** लेटाङ्ग<br>**वडा नं.** : ७/ग<br>**कित्ता नं.** : १९४८<br>**क्षेत्रफल** : ०-०-१२-० |

सुनपकुवा स्वावलम्बी बचत तथा ऋण सहकारी संस्था लि.
Sunpakuwa Swavalambi Saving & Credit Co-operative Society Limited
उर्लाबारी-३,मोरङ
फोन नं.०२१-४१००६२/४१००३२



**रबर स्ट्याम्प बनाउने ठाउँ**
बिजि स्टेशनरी एण्ड छापाखाना
दमक-६, मोबाइल लाईन ।
९८०१४१४५२६/९८४३०३४५२६



Log on गर्नुहोस्
purbasandesh.com
EPAPER मा पूर्वसन्देश पत्रिका हेर्नुहोस्


प्रधान सम्पादक/प्रकाशक: गञ्जबहादुर दाहाल, कार्यालय: दमक-५, झापा, फोन: ०२३-५८०२७२. प्रबन्धक: सुवासचन्द्र भट्टराई, मुद्रण: ज्योति अफसेट प्रेस, कार्यकारी सम्पादक: खगेन्द्र कार्की E-mail:purbasandesh@yahoo.com ले-आउट: सुरेन बस्नेत सल्लाहकार : पंकज दाहाल